म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७० बिहीबार, १७ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 30 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित हेटौंडाबाट एकजना पक्राउ

हेटौंडा, १६ माघ/मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेबाट प्रहरीले अवैध लागूऔषधसहित मंगलबार एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध गाँजा करिब ५ किलोग्रामसहित पर्सा घर भएका ३० वर्षीय बिनोद सहनीलाई पक्राउ गरेको हो । उनलाई प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । प्रहरीका अनुसार हेटौंडाबाट वीरगंजतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज ०८९० नम्बरको गाडीमा सवार उनको साथबाट यो परिणामको गाँजा बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

# सहिद दिवस: स्मारकको प्रतिमामा माल्यापर्णदेखि परिवारलाई सम्मानसम्म

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मकवानपुरमा सहिद दिवसको अबसरमा विविध कार्यक्रम आयोजना भएका छन् । बागमती प्रदेश सरकारदेखि रेडियो मकवानपुरसम्मले दिवसको अबसरमा सहिद परिवारलाई सम्मान गरेका छन् ।

बागमती प्रदेश सरकारले सहिद दिवसको अवसरमा बुधवार विशेष कार्यक्रम सम्पन्न गरेको छ । हेटौंडा-११ स्थित सहिद स्मारकमा प्रदेश सरकारको आयोजनामा सहिद दिवस मनाइएको हो । प्रदेश सरकारको आयोजना तथा सहिद स्मारक विकास समितिको व्यवस्थापनमा ऱ्याली सहितको समारोहमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्य रहेको थियो । प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, सभामुख भुवनकुमार पाठक, बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको विशेष आतिथ्यता रहेको थियो ।



प्रदेशप्रमुख देवकोटाले मुलुकको स्वतन्त्रता र प्रजातन्त्रको पुनस्थापनाको लागि सहिदले गरेको त्याग, तपस्या र आर्दशको मूल्यलाई सबैले आत्मसात गर्नुपर्नेमा जोड दिए । राजनीतिक दलले आफ्नो सत्तास्वार्थको लागि मात्र नभई जनताको मानवअधिकारको संरक्षण एवम् शान्तिसुरक्षाको बारेमा सोच्नुपर्ने उनको भनाई छ । उनले राष्ट्रलाई बाह्य शक्तिको चलखेलबाट जोगाउन राजनीतिक नेतृत्वले सहिदले देखाएको मार्गचित्रको मूल्यलाई उपेक्षा नगरी राष्ट्रको सार्वभौम प्रजातन्त्रको सुदृढिकरण गरी जनतालाई आर्थिक समृद्धितर्फ डोऱ्याउनुपर्ने बताए ।

मुख्यमन्त्री लामाले सहिदले राणा शासनको विरुद्धमा गरेको त्याग र तपस्यालाई राजनीतिक दलले उपेक्षा गर्नु नहुने उल्लेख गरे । उनले मुलुकलाई दिगो शान्ति, आर्थिक समृद्धि र प्रदेशमा सुशासन ल्याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । बागमती प्रदेशसभाका सभामुख पाठक र बागमती प्रदेशका पूर्वमुख्यमन्त्री पौडेलले राष्ट्रको स्वतन्त्रताको साथै जनतामा निहित सार्वभौमसत्तालाई अक्ष्क्षुण राख्न सहिदको योगदानलाई आत्मसम्मान गर्नुपर्नेमा जोड दिए । कार्यक्रम सहिद दिवस मुलसमारोह समितिका अध्यक्ष एवम् प्रदेशको आन्तरिक मामिला तथा कानूनमन्त्री सुरजचन्द्र लामिछानेको सभाध्यक्षतामा भएको हो ।

कार्यक्रमको अबसरमा समितिका संस्थापक एवम् पूर्वउपाध्यक्ष स्व.श्रीचन्द्र शर्माको स्मृतिमा स्थापित श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार-२०८१ बाट कवि एवम् साहित्यकार तुलसी घिमिरेलाई सम्मानित गरिएको छ । त्यसअघि शहीद स्मारक गेटबाट प्रभातफेरी सहित स्मारक परिसर पुगेर प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुखसहित प्रदेश सरकारका मन्त्रीहरु लगायतले सहिदको शालिकमा माल्यार्पण र पुष्पगुच्छा अर्पण गरेका थिए ।

**रेडियो मकवानपुरले सम्झियो सहिद परिवार**

२०६२/६३ को जनआन्दोलनका सहिद बासुदेव घिमिरेको परिवारलाई सम्मान गर्दै रेडियो मकवानपुरले आफ्नो वार्षिकोत्सवको सप्ताहव्यापी कार्यक्रमको सुरुवात गरेको छ ।

बुधबार मकवानपुरगढी गाउँपालिका-५ स्थित सहिद घिमिरेको परिवारलाई भेटेर रेडियोले नगदसहित सम्मान गरेको हो । १५ वर्षअघि सहिद दिवसकै दिनबाट आफ्नो प्रशारणयात्रा आरम्भ गरेको रेडियोले वार्षिकोत्सवको अवसरमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गर्दै आएको छ । यसअघि सहिदको विषयमा कविता, वक्तृत्वकलालगायत प्रतियोगिता गर्दै आएकोमा यसवर्ष सहिदको परिवारलाई सम्मान गरिएको रेडियो मकवानपुरका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले बताए ।

घिमिरेको परिवारलाई नगदसहित सम्मानपत्र प्रदान गरिएको हो । रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरगढी गाउँपालिका-५ का अध्यक्ष दीपेश दाहालको प्रमुख आतिथ्यता रहेको थियो । वडाअध्यक्ष दाहालले केही महिनाभित्रै वडा कार्यालय अगाडि घिमिरेको शालिक बनाउने प्रतिबद्धता व्यक्त गरे । सामुदायिक रेडियोले आफ्नो वार्षिकोत्सवको अवसरमा सहिद परिवारलाई सम्मान गरेकोमा खुशी व्यक्त गर्दै उनले सहिद परिवारलाई वडाका तर्फबाट सहयोग गर्न समेत तयार रहेको बताए ।

कार्यक्रममा मकवानपुर गढी-६ का वडाअध्यक्ष कृष्ण बजगाइँ, सहिद घिमिरेका पिता कृष्णप्रसाद, स्थानीय समाजसेवी बेदनाथ हुमागाइँ, ईन्द्रबहादुर बस्नेतलगायतको आतिथ्यता थियो । रेडियोले प्रत्येक वर्ष माघ१६ देखि २२ गतेसम्म विविध कार्यक्रमको आयोजना गर्ने गरेको छ । यसवर्ष सहिद परिवार सम्मानसँगै खाद्यान्न हस्तान्तरण, सेनेटरी प्याड वितरण, निशुल्क स्वास्थ्य शिविर, मिडिया कप फुटसल प्रतियोगिता लगायत कार्यक्रमको आयोजना गरिने छ । रेडियोले स्थापनाकालदेखि नै वार्षिकोत्सवको समयमा दुईजनालाई सामुदायिक सम्मान र हरितालिका तीजको अवसरमा दुई महिलालाई जागरुक महिला सम्मान प्रदान गर्दै आएको छ ।

# १२ नम्बर वडामा अध्यक्षकप भलिबल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हेटौंडा उपमहानगरपालिका-१२ मा वडा अध्यक्षकप खुल्ला पुरुष भलिबल प्रतियोगिता बुधबारबाट सुरु भएको छ । वडा कार्यालयको सहयोग र वडा खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता भएको हो ।



बुधवार भएको उद्घाटन खेलमा हेटौंडा उपमहानगरपालिका-११ नम्वर वडा टिम विजयी भएको छ । हेटौंडा-१९ लाई २५-२१, २५-१२ र २५-२२ को सोझो सेटले पराजित गर्दै हेटौंडा-११ विजयी भएको हो । प्रतियोगितामा हेटौंडा-११ का निश्चल रानामगर प्रतियोगिताको म्यान अफ द म्याच घोषित भए । यसैगरी दोस्रो खेलमा हेटौंडा उपमहानगरपालिका-१२ नम्वर वडा टिम विजयी भएको छ । हेटौंडा-६ लाई २५-१२, २५-१६ र २५-१५ को सोझो सेटले पराजित गर्दै हेटौंडा-१२ विजयी भएको हो । प्रतियोगितामा हेटौंडा १२ का कुशल लो म्यान अफ द म्याच घोषित भए ।

हेटोंडा-१२ खेलकुद विकास समितिका संयोजक दिनेश चौलागाईको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-१२ नम्वर वडाध्यक्ष अर्जुनप्रसाद तिवारीको प्रमुख आतिथ्यता रहेको थियो । हेटौंडा उपमहानगरपालिकामा रहेको १९ वटा वडामध्ये ७ वटा वडाले मात्र प्रतियोगितामा सहभागिता जनाएको छ । प्रतियोगिताअन्तर्गत भोलि बिहीबार हेटौंडा उपमहानगर पालिका-१३ विरुद्ध १२, हेटौंडा-६ विरुद्ध १५ र हेटौंडा-१७ विरुद्ध १९ वडाको टिमबीच खेल हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ५० हजार रुपैयाँ, दोस्रो हुने टिमले नगद ३० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमााणपत्र प्राप्त गर्नेछन् । विद्यागततर्फ उत्कृष्ट खेलाडीलाई पुरस्कारको व्यवस्था गरेको आयोजकले जनाएको छ । हेटौंडा-१२ स्थित बुद्ध माध्यमिक विद्यालयमा ४ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा करिब ३ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । भलिबल खेलको विकास र हेटौंडा-१२ को प्रतिष्ठा पहिचान गराउने उद्देश्यले माघ १९ गतेसम्म प्रतियोगिता आयोजना गरेको कार्यक्रम संयोजक मनोज लामा स्याङतानले बताए ।

कार्यक्रममा हेटौंडा-१९ नम्वर वडाध्यक्ष नरनाथ सुवेदी, नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरे, तुल्सीमेहर मेमोरियल माध्यमिक विद्यालयका प्रिन्सिपल रघुनाथ खराल, हेटौंडा-११ नम्वर खेलकुद विकास समिति संयोजक प्रभाकर पुडासैनी, नगर भलिबल संघका अध्यक्ष राजु घले, जिल्ला खेलकुद विकास समिति मकवानपुरका सदस्य मदन उप्रेती र कृष्ण रुम्बा झाँक्रीलगायतको आतिथ्यता थियो । प्रतियोगिताको मुख्य प्रायोजक तुल्सीमेहर मेमोरियल माध्यमिक विद्यालय तथा नारायणी कलेज रहेको छ ।

# पदमपोखरीमा ल्होछार कार्यक्रम गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरी ठुलोथलीमा आगामी फागुन २ गते वृहत ल्होछार कार्यक्रम हुने भएको छ ।

सातौं संस्करणको रुपमा ठुलोथली गुम्बाडाँडा सोनाम ल्होछार बृहत साँस्कृतिक कार्यक्रम गरिने मूलसमारोह समितिका संयोजक मदन बललामाले बुधबार पत्रकार सम्मेलनमा बताएका छन् । नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा स्थानीय र राष्ट्रिय कलाकारको सांगीतिक प्रस्तुतीका साथ ल्होछार मनाइने लामाले बताए । कार्यक्रममा करिब ९ लाख खर्च हुने अनुमान आयोजकको छ ।

हेटौंडा उपमहानगर, वडा नम्बर १३ र संस्कृति तथा पर्यटन मन्त्रालयले केही बजेट उपलब्ध गराएपनि सहयोगी दाताको साथ सहयोगले कार्यक्रम सम्पन्न गरिने संयोजक लामाले बताए । कार्यक्रमस्थलमा विभिन्न खानेकुराका परिकारको स्टल रहनुका साथै तामाङ समुदायका कला, संस्कृति, भेषभूषाको प्रदर्शनी गरिने उनले बताए । पत्रकार सम्मेलनमा वडा नम्बर १३ का वडासदस्य उत्तम गोम्जा, समितिका पूर्वअध्यक्ष संगीता बलवाइबालगायत समितिका पदाधिकारीको उपस्थिति थियो ।

# बुद्धिचालमा रुपेशको अग्रता कायमै



साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/नेपाल बुद्धिचाल महासंघको आयोजनामा हेटौंडामा २५ औं पुरुष राष्ट्रिय तथा १० औं महिला बुद्धिचाल प्रतियोगिता चलिरहेको छ ।

जारी प्रतियोगितामा रुपेश जयसवालले ६ चरणको खेलमा ५.५ अंक जोडेर आफ्नो अग्रता कायम राखेका छन् । पूर्वनेपाल च्याम्पियन समेत रहेका रुपेशले पोजिसन डाउन अवस्थामा अनुभव प्रयोग गर्दै खेल उल्टाएका हुन् । दोस्रो स्थानको लागि कडा प्रतिस्पर्धामा मकवानपुरका एफएम क्षितिज भण्डारी, दोलखाका आशिष फुँयाल र काठमाडौंका पुरुषोत्तम सिलवाल समान ४ अंक बनाएर रुपेशलाई पछ्याइरहेका छन् । अन्य चारजना खेलाडीले साढे ३ अंक जोडेर तेस्रो स्थानलाई साझा बनाएका छन् । जसमा झापाका सिएम शुश्रुत दाहाल, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी, वर्तमान नेपाल च्याम्पियन राजन सुवेदी र काठमाडौंका प्रेमकृष्ण महर्जन रहेका छन् ।

महिला राष्ट्रिय चेसमा काठमाडौंकी सिन्दिरा जोशी र एञ्जल महर्जनले संयुक्त पहिलोस्थान कब्जा गरेका छन् । छैटौंचरणको समाप्तिमा साविक विजेता सिन्दारा जोशीलाई कडा टक्कर प्रस्तुत गरेकी १३ वर्षीय एञ्जलले समान ५ अंकमा रहँदै रोचक अंक तालिका बनाएकी हुन् । सिन्दिराले झापाकी कृतिसारा अधिकारीसँग खेल बराबरी गर्दा एकल अग्रता कायम गर्ने मौका चुकाएकी छिन् भने एञ्जलले ताप्लेजुङकी सुशीला गुरुङलाई हराउँदै स्कोर बराबरी गर्न सफल भइन् । प्रतिस्पर्धामा साढे ४ अंक बनाउँदै संयुक्त दोस्रो स्थान ओगट्न सफल बाँकेकी इशा गिरी र मोरङकी शान्ति धिमालले शीर्ष खेलाडीलाई पछ्याइरका छन् ।

खेलमा इशाले निहाना श्रेष्ठ र शान्तिले नयुमा मगरलाई पन्छाउन सफल रहे । क्रमश: झापाकी पुनम प्रसाईं र काठमाडौंकी बिनिता कपाली समान ४ अंक जोडेर संयुक्त तेस्रो स्थानमा रहेका छन् । छैटौंचरणको खेलमा बिनितालाई हाराएर पुनमले महत्वपूर्ण अंक जोडेका हुन् ।

# थाहाको चितलाङमा दुई पक्की पुल शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/थाहा नगरपालिका-९ स्थित चित्लाङ खोलामा दुईवटा पक्की पुलको निर्माण थालिएको छ । वडाको कपुगाउँ, खर्क, खलिवनलगायत वडा कार्यालय तथा काठमाडौं आउजाउ गर्न सहज बनाउन एकै वडाको एउटै खोलामा दुईवटा पक्की पुल निर्माण थालिएको हो ।

दुई पुलको थाहा नगर प्रमुख बिष्णु बिष्ट, निर्माण व्यावसायी महासंघका पूर्वअध्यक्ष तथा समाजसेवी जयराम लामिछाने र वडाअध्यक्ष राजकुमार बलामीबाट सयुक्तरुपमा शिलान्यास गरिएको छ । दुईवटा पुलको शिलान्यास पश्चात नगर प्रमुख बिष्टले जनताको मागअनुसार एकै गाँउमा एउटा खोलामा दुईवटा पुल बनाउन थालिएकाले निर्माण पश्चात कृषिउपज बजार पुऱ्याई आर्थिक गतिविधि चलायमान र वडा कार्यालय आउन तथा चन्द्रागिरी सडकको बिकल्पका रुपमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण र आयोजनाको प्रभावकारिता अध्ययनन अनुसार गाउँमा उत्पादन भएका कृषिउपजलाई सहजरुपमा बजार पुऱ्याउन पुलको आवश्यकता देखिएकाले बजेट बिनियोजन गरिएको र सोही अनुसार लाभ लिन नगरप्रमुख बिष्टले आग्रह गरेका छन् । बजेटको लागि प्रदेश सरकारसँग समन्वयको भूमिका निर्वाह गरिदिएकोमा निर्माण ब्यवसायी लामिछानेलाई धन्यवाद दिए । निर्माण व्यावसायी महासंघका पूर्वअध्यक्ष लामिछानेले एकैसाथ शिलान्यास गरिएका दुई पुललाई समयअवधि भित्रै काम पूरा गर्न उनले सचेत गराए ।

चित्लाङखोलामा निर्माण थालिएका दुई पुलमध्ये कुस्लेचौर कपुगाउँ जोड्ने पक्की पुलको लागत १ करोड ३ लाख रहेको छ भने भैरवथान-खर्क खलिवन जोड्ने पुलको लागत १ करोड २ लाख रहेको छ । दुई पुल २०८२ असारसम्म सम्पन्न गर्नुपर्ने गरी निर्माण व्यावसायीलाई जिम्मेवारी दिइएको छ । पुल निर्माणको लागि बागमती प्रदेश सरकारको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय हेटौंडाबाट बजेट बिनियोजन भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कैलाशको चेली सम्मान

बर्तमान समयमा मानबीय ब्यवहारमा ब्यापक परिवर्तन आएको छ । बिगतमा हाम्रा पुस्तालाई हेटौंडाबाट काठमाडौं जानुपर्दा बाटोमा खाने सामलतुमल बोकेर पैदलयात्रामा निस्कनु पर्दथ्यो । तर, अहिले हामी विहान गएर काठमाडौंको काम सकाएर बेलुका घर फर्कन्छौं । केही वर्षपछि जागिरेले पनि हेटौंडाबाट काठमाडौं दैनिक ओहोरदोहोर गरेर जागिर खान सक्ने अवस्था आउँदैछ । हाम्रो समाजमा भएको यो परिवर्तनले हाम्रो दैनिकीलाई निकै सहज बनाएको छ । तर, समाज जटिलताबाट सरलतातिर जानुपर्छ भन्ने समाजशास्त्रीको मान्यतालाई पनि चुनौतीको विषय बनेको छ बालबिवाह । मकवानपुरका बिकट मानिने गाउँमा कतिपय किशोरीहरु युवती हुन नपाउँदै बुढी हुने गरेका छन् । १४/१५ वर्षमा बिवाह गर्ने र १५/१६ वर्षमा पहिलो बच्चा जन्माउने गरेका घटना धेरै छन् । २०/२२ वर्षको उमेर अर्थात बिवाह गर्ने उमेरमा आइपुग्दा उनीहरुका घ/४ वटा बच्चा जन्मेर हुर्किसकेका हुन्छन् । युवती भनिने उमेरमा तिनै किशोरी बुढी देखिन थालेका हुन्छन् । सहरी क्षेत्रमा बालबिवाहको समस्या धेरै छैन । तर, ग्रामीण क्षेत्रमा तुलनात्मक रुपमा बढी छ । ६/७ कक्षामा पढ्दै गरेका किशोरी बिवाह गरेर पढाइ छोड्ने गरेका छन् ।

मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकलाई विशेष चासोका साथ हेरेको छ । गाउँपालिकाले बालबिवाह न्युनीकरकणका लागि बिगतका वर्षदेखि नै सुरु गरेको चेली प्रोत्साहन कार्यक्रमलाई यसवर्ष पनि निरन्तरता दिएको छ । कम्तिमा १२ पास गरी २० वर्ष उमेर पारभएर मात्र बिवाह गर्ने चेलीलाई गाउँपालिकाले नगदसहित सम्मान गरेको हो । मंगलबार गाउँपालिकाको १५ औं हिउँदे अधिवेशनका अवसरमा ९ जना चेलीलाई नगदसहित सम्मान गरिएको थियो । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान, उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठलगायतले चेली सम्मान गरेका हुन् । गाउँपालिकाले प्रतिव्यक्ति २० हजार रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरेको हो । सम्मानित हुनेहरुमा अम्बिका अर्याल, अनिता रुम्बा, कैलाश-९ का कल्पनामाया घलान, कैलाश-९ का सविना रुम्बा, कैलाश-६ का हीरा मुक्तान, वडा नम्बर ९ कि देवकी बर्तौला, वडा नम्बर १० कि लक्ष्मी ब्लोन, शान्ति तितुङ र अबिगेल प्रजा रहेका छन् । गाउँपालिका अध्यक्ष मुक्तानले विवाहअघि कम्तिमा पनि १० जोड २ पास गर्नुपर्ने र उमेर २० वर्ष पूरा हुनुपर्छ भन्ने सन्देश दिनका लागि प्रोत्साहन कार्यक्रम राखिएको बताए । उनले देशभरका स्थानीय तहमध्ये यो पृथक कार्यक्रम भएको बताए । गाउँघरमा छोरीलाई बालबिवाह गर्ने, पढाइबाट बञ्चित गर्ने चलन अझै रहेको बताउँदै उनले यस्ता कार्यक्रमले सकारात्मक सन्देश जाने विश्वास व्यक्त गरे । उपाध्यक्ष मल्लले कार्यक्रमलाई बृहतरुपमा विस्तार गर्दै लैजाने बताए । उनले २० वर्ष पूरा भएपछि मात्र विवाह गर्न चेतना फैलियोस र परिपक्व भएपछि मात्र विवाह गर्नुपर्छ भन्ने सन्देश दिन यो कार्यक्रम आयोजना गरिएको बताए ।

गाउँपालिकाले हरेक वर्ष चेली प्रोत्साहन कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ । सभामा पालिकाले विभिन्न विधामा व्यक्ति तथा संस्थाहरु सम्मान गरेको छ । सञ्चारकर्मीतर्फ पोष्टराज अधिकारी, पूर्वशिक्षकतर्फ ढोडाई चौधरी र तारणीप्रसाद चौधरी, सहजकर्तातर्फ पार्वती खतिवडा, शिक्षक्तर्फ शान्ति खतिवडा र अर्जुनप्रसाद लामिछाने, विद्यार्थीतर्फ कृष्टिना बानियाँ, हरिओम बर्तौला र विवस अर्याल, प्रधानाध्यापकतर्फ लक्ष्मीदेव घिसिङलाई सम्मान गरिएको थियो । कृषकतर्फ श्यामबहादुर गोले, मेड्पा उद्यमीतर्फ कुमारीमाया मुक्तान, कार्यालय सहयोगीतर्फ रामप्रसाद प्रजा, सामाजिक परिचालकतर्फ राजेन्द्र थिङ, सिनियर अनमीतर्फ तारा थापा, सिनियर अहेवतर्फ सुधिरकुमार कुशवाहा, प्राविधिक सहायकतर्फ दीपेन्द्र अधिकारी, निर्माण व्यवसायीतर्फ आयूश्री विल्डसका चेतबहादुर थापा, उपभोक्ता समिति अध्यक्षतर्फ हरिदास रिजाललाई सम्मान गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १८ गते शुक्रबार ३१ जनवरी २०२५ । द्वितीया, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# सन्दर्भ शहीद दिवस: शहीदप्रति सम्मानको खाँचो



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

लोकतन्त्रमा शहीदहरुको भारी अपमान भएको छ । अपराध गर्नेहरुलाई पनि सरकारले शहीद बनाएको छ, बेरोजगार भई विदेश जान लागेकालाई पनि । सबै कुरा शब्दकोषमा लेखिँदो रहेनछ र लोकतन्त्रमा मनलागी व्याख्या छुट हुँदो रहेछ । सबै विषयमा राजनीतीकरण हुने राजनीतिको व्याख्या जनताले गर्न नपाउँदा रहेछन् । जनता निरीह र नेता सक्रिय हुने प्रवृत्ति मज्जैले हुर्केको छ देशमा । हरेक वर्ष नेतृत्वको चाहनाले शहीद बढाउने र आममाफी गरिदिने चलन चलेको लामो समय भयो । स्वाधीन तर संसारमै धेरै शहीद भएको देश हो यो । देशको लागि उत्सर्ग गर्नेहरु शहीद हुनुपर्ने हो तर भएन त्यस्तो । देश कहिल्यै पराधीन भएन तर शहीदको संख्या पनि कम भएन । पहिलो शहीद लखन थापा, त्यो पनि धेरै पछि मात्रै घोषणा भएको । आधुनिक नेमाल निर्माणको क्रम वि.सं. १८०० देखि नै शुरु हुन्छ ।

गोर्खा नरेश पृथ्वीनारायण शाहले राज्यको एकीकरण गर्ने क्रममा काठमाडौं आक्रमणपूर्व कीर्तिपुरमा युद्धरत भए, ४४ वर्षीय वीर कालु पाण्डेको ज्यान गयो, बल्खुमा काटिए उनी । वि.सं. १९०३ को कोतपर्वमा धेरै मरे, भण्डारखाल पर्वको इतिहास ताजै छ देशमा । वि.सं. १९२७ मा जहानिया राणा शासनविरुद्ध आक्रामक भए लखन थापा, जनविद्रोह गरे, राणा शासनले वि.सं. १९३३ फागुनमा झुन्ड्याएर मारिदियो । छिटफुट घटना यसपछि पनि भयो, तर १९९७ सालमा ४ शहीद एकैपल्ट बन्न पुगे, राणा शासनकै विरुद्धमा लागेर । राणाहरु विरुद्ध बोलेकै कारण माघ १० गते काठमाडौंको सिफलमा नेपाली भाषाका पहिलो व्याकरणकार शुक्रराज शास्त्रीलाई खरीको रुखमा झुन्ड्याएर मारियो । माघ १३ गते सिफलमा धर्मभक्त माथेमालाई मारियो भने माघ १५ गते गंगालाल र दशरथ चन्दलाई शोभा भगवतीमा गोली हानेर मारियो । तिनै ४ शहीदको सम्मानमा टुँडिखेलमा शहीद गेट निर्माण गरेर शालिक राखियो तर को जान्छ र अहिले त्यहाँ, अब त शहीद हजारौं हजार भए कहाँ मात्रै राख्ने । ७ सालमा राणा शासन समाप्तिपछि पनि २०२० मा राजा महेन्द्रको गाथगादी ताक्ने भन्दै दुर्गानन्द झालाई मुत्युदण्ड दिइयो । वि.सं. २०३६ हुँदै ४६ सालपछि शहीदको संख्या वृद्धि हुन थाल्यो । माओवादी सशस्त्र युद्ध वि.सं. २०५२ पछि र लोकतन्त्र प्राप्ति भनिएपछि त शहीदको संख्या गनेरै नसकिने भयो, कुनै मापदण्ड नै भएन । सत्तासँग साट्ने काम शुरु भयो । असली शहीदहरुको अहिले घोर अपमान भएको छ ।

शहीद बनाएपछि सुविधा थपिन्छ, आर्थिक प्रलोभनकै कारण शहीदको संख्या बढ्दै छ देशमा । साँच्चै राजनीतिक असन्तोषका कारण धेरै सहादत भएका छन् तर यकिन मापदण्ड नभएकाले छुटेका शहीद भन्दै संख्या बढाउनतिर लागिएको छ । आर्थिक दुरुह अवस्था छ देशमा, उत्पादन, आपूर्ति प्रणाली भरपर्दो छैन र दिनप्रतिदिन बेरोजगारी वृद्धि हुँदा देश छोड्नेको संख्या बढ्दो छ । विपत्ति र अनेकानेक दुर्घटनामा परी मृत्यु हुनेको संख्या कहाली लाग्दो छ । निकट भविष्यमै देशमा भोकमरीको विकराल समस्या हुने लक्षण देखिँदै छ भने दिगो विकासको लक्ष्य केवल सपना भएको छ ।

आयातीत वस्तुले व्यापारघाटा र विप्रेषणको आयले अर्थतन्त्र धानिएको छ अनि महँगी र करको मारमा आम नेपाली असह्य पीडामा छन् । विकास गति सुस्त छ, चालू खर्चको तीव्र वृद्धि र विकास खर्च हुन नसकेको अवस्था छ भने नजिकका छिमेकीहरुले गरेको तीव्रत्तर समृद्धिलाई हेर्दै अर्काको थाल थापेर भिक्षार्थी भई गुजारा गर्नुपरेको अवस्था छ यहाँ । देश आन्तरिक र बाह्य ऋणले चुर्लुम्म डुबेको छ ।

थरी-थरीका सरकार छन् यहाँ, काम भने बेपारीको जस्तो मात्रै छ । काण्डहरु धेरै छन् भने सरकारी कर्मचारीका बीच कुटाकुट छ । स्रोत सीमित भएकाले दोहन गर्न सबैलाई असहज हुँदा ईर्ष्या बढेर तनाव हुने हो, भ्रष्टाचार बढ्ने पनि त्यसैका लागि हो । आत्मसम्मान नहुँदा र समान व्यक्तिको समाजमा प्रतिष्ठा वृद्धि हुँदा देखासिकीकै कारण व्यक्ति कुरुप बन्ने हो । इमानदारिता र निष्ठाको अभावमा माथिबाट जे सिकियो तलकाले अनुशरण गर्ने पनि त्यही नै हो । घरको धारामा पानी शुद्ध पाउन मुहान नै शुद्ध हुनुपर्ने हुन्छ । पदासीन र सत्तासीनहरुले आँखा चिम्लेर अनैतिक कार्य गरी पैसाको थुप्रो लगाउनाले अरुलाई पीडाबोध हुने नै हुन्छ । यहाँ उच्च पदस्थहरु पनि नपिटिएको अवस्था छैन, नडामिएका छैनन् भने कर्मचारीहरु पनि ।

समाज पैसामुखी भएको छ । अनियन्त्रित संरचनाहरु बनेका छन् । अमुक मुख्यमन्त्रीले आफन्त ठूलाको मलामी जाँदा दैनिक भ्रमण भत्ता स्वाहा पारेको खबर बाहिर आयो पोहोर साल । काठमाडौं आइरहनुपर्ने संघीयता छ हाम्रो । देशको भूभाग आठ-दश घण्टाभित्रको पहुँचमा छ, जनसंख्या २४ करोड हुने छिमेकमा एक प्रदेश छ । हाम्रो जनसंख्या ३ करोड पुगेन र आधा बाहिरै गइसके । अमुक मुख्यमन्त्री ११ महिनामा २२ पल्ट काठमाडौं आए र लाखौंलाख रकम दैनिक भ्रमण भत्तामै कुम्ल्याइदिए । नियमित अरु सुविधा पनि लिइरहन्छन् । घरभाडा, पीए, चालक, भान्से, स्टाफ भन्दै सोरेरै रकम बुझेका खबर त कति छन्-छन् । सवारी, चालक, मर्मत खर्च, मसलन्द, सञ्चार भनेर दर्जनौं सुविधा तिनलाई दिइएको छ । सुरक्षाको ताँती नै छ । भूतपूर्वको त्यस्तै सुविधा छ । अमेरिका किन बन्यो होला, ओबामाले २ कार्यकाल राष्ट्रपति पूरा गरेर छोरी पढाउन भनी निजी कम्पनीमा जागिर किन खाए होला, डेनमार्ककी प्रधानमन्त्री साइकल चढेर कार्यालय जाउआउ किन गर्छिन् होला ? हाम्रो सुशासनको सुगा रटाइ देखेर असली शहीदहरु मुख छोप्छन्, लाजले भुतुक्क हुन्छन् । जिउँदोलाई यहाँ लाजै हुन्न त ।

देश दोहन, ढुकुटीको तर मार्नेका लागि हामीकहाँ सार्वजनिक पद धारण गरिन्छ, सेवाका लागि होइन । सार्वजनिक प्रशासनमा प्रवेश हुनु भनेको देशहित, सामाजिक सेवा, मन, वचन र कर्मले राष्ट्रप्रति समर्पित हुनु हो, यो धर्म पनि हो । देशप्रतिको इमानदारिता भनेको शहीदजस्तै हो, शहीदले प्राण त्यागेर देशको माया गर्छन्, सार्वजनिक सेवा प्रवाह गर्नेले प्राणलाई साक्षी राखेर सेवा गर्छन्, सेवा भनेको लेनदेनमा हुन्न, कानुनले पारिश्रमिक तोकेकै हुन्छ । राजनीतिकर्मीहरुले सामाजिक सेवा गर्ने हो, प्रतिफल नागरिकको माया मात्रै हो, मेवा होइन, पैसा कमाउनेले अरु काम गर्न सकिन्छ ।

पञ्चायतका पालामा बैठक भत्ता, हल्का परिवहन खर्च कसैले लिए होलान्, तलब भत्ता लिएको होइन । ९० जना रापंस र एक दर्जन मन्त्रीले चल्न सक्ने देश हो यो । त्यति बेला अहिलेको जस्तो उठीबास लाग्ने गरी सरकारलाई कर बुझाउनुपर्दैनथ्यो, एक कित्ता जमिनको रु. १ कर तिरे पुग्थ्यो, केवल अभिलेखको लागि । अहिले गर्भमै कर लाग्छ, मरेपछि पनि लाग्छ, आजको जस्तो नक्कली व्यापार थिएन । अहिलेको जस्तो मान्छे पनि खरिद बिक्री हुन्नथ्यो । सानो आकारको बजेटले पनि उत्पादन आफूलाई पुग्ने र अनाज निकासी पनि हुन्थ्यो, अहिलेको जस्तो सार्वजनिक ऋण पनि थिएन । पछिल्लोपल्ट देशमा अत्यन्त खर्चिलो संघीयता र गणतन्त्रलाई भित्र्याइयो, बाँचुन्जेल चुसिरहने र मरेपछि संस्था खोलेर पनि चुसिरहने प्रणाली हो यो । विकसित देश जहाँ अनुशासन छ त्यहाँ चल्ने व्यवस्था हो यो, तैपनि विश्वभरि २८ देशमा मात्रै संघीयता चलेको छ, जो संघीयतामा छैनन् तिनले पनि मनग्ये समृद्धि गरेका छन्, नागरिक हकको राम्रो उपयोग गरेका छन् । यहाँ एक राजा फालियो, घरघरै धेरै राजाहरु जन्माइयो, परिवारमुखी भयो हाम्रो लोकतन्त्र । यसैका लागि शहीद भएका होइनन्, हजारौंको बलिदानी भएको अहिलेको जस्तो शासन प्रणाली स्थापना गर्ने गरी होइन । सुशासन, पारदर्शिता, अनुशासन, जिम्मेवारीबोध लोकतन्त्रको आदर्श हो । क्रान्ति जसले गऱ्यो उही सत्तामा गएपछि हुने यस्तै हो, परिवर्तनकारी गणेशमान सिंहहरु सत्तामा गएनन्, कृष्णप्रसादहरु सत्तामा गए पनि देशलाई कुरुप बनाएनन् । गेरु वस्त्र लगाएर पनि सत्ता त हुँदो रहेछ, भारतमा मोदीले देशलाई अब्बल बनाएका छन्, युरोप-अमेरिकामा खाद्यान्न निर्यात गर्ने भएको छ भारत अहिले, चन्द्रयानदेखि हाइपरलुप, सूर्ययान के मात्रै गरेको छैन उसले अहिले । हामी ऊसँग थाल थापिरहेका छौं, चिनी, आलु, प्याज, चामल, रासायनिक मलको कोटा माग्न थालेका छौं । त्यसैले शहीदलाई लाज लागेको छ भैंसेपाटीका संघीय महलहरु देखेर, मलेसिया र खाडीमा नेपाली जनलहर देखेर । विश्वको एकमात्र धर्मलाई पोलेर, देश हरिबिजोग भएको देखेर शहीदको आत्मा रोएको छ अहिले ।

सुन काण्ड, यती काण्ड, सेरा दरबार, ओम्नी काण्ड, क्यान्टनमेन्ट काण्ड, ललितानिवास काण्ड, भुटानी शरणार्थी काण्ड, नागरिकता काण्ड, बाँसबारी, बालमन्दिर, टीकापुर, गिरीबन्धु, एनसेल काण्ड, काण्डैकाण्डमा चुर्लुम्म डुबेको छ हाम्रो लोकतन्त्र । शिक्षा, स्वास्थ्य निकम्मा छन् । चरम महँगो शिक्षा र स्वास्थ्य । अध्ययनमा गुणस्तर छैन । ब्याचलर सकेर खाडीमा भेट्ने योजना गर्ने विद्यार्थीको भाषा, व्याकरण कसरी शुद्ध हुन्छ होला ? शैक्षिक संस्थाहरु खुलेका मात्र छन्, विद्यार्थी नै छैनन् पढ्ने । देश नीतिविहीन भएको छ, जताततै भ्वाङ परेको छ । मेलम्ची र काठमाडौंको फोहोरमा राजनीति गर्ने नेतृत्व सधैं यस्तै छ । साढे तीन दशकदेखि आलोपालो नेतृत्व उस्तै छ । मिलेमतो गर्दै सत्तामा जाने र डकार्ने, आफन्तलाई पद दिलाउने, राष्ट्रिय सभा किन आवश्यक छ, के काम छ त्यसको, हरुवाहरुलाई पोस्टिङ गर्न राखिएको भन्दै छन् विश्लेषकहरुले । गणतन्त्र केवल आममाफी दिनलाई मात्रै हो कि, त्यहाँ कति सल्लाहकारहरु छन् र हरेक विषयमा सर्वोच्चमा मुद्दा किन जान्छ ? शहीदहरुको यक्षप्रश्न यस्तै खालका अरु पनि धेरै छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# लोकतान्त्रिक शासनमा भाषाको सवाल

✍ श्रीमननारायण

मधेश प्रदेशको सरकारले नेपालीका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका र हिन्दीलाई कामकाजको भाषा घोषित गरेपछि केही विरोधका स्वर गुञ्जिएका छन् । मातृभाषाको आफ्नो स्थान छ, नेपालका प्राय: मातृभाषाले राष्ट्रभाषाका रूपमा मान्यता पनि प्राप्त गरेका छन् तर नेपालमा बोलिने सबै मातृभाषा सरकारी कामकाजको भाषा हुन सक्दैनन् । सरकारी कामकाजको भाषा हुन कम्तीमा यसको स्वीकार्यता सम्मानजनक र यो जन-जनको भाषा हुन आवश्यक छ । प्रदेश सरकारले सामेल गरेको यस सूचीमा अन्य भाषालाई पनि राख्न सकिन्छ तर तत्कालै यसको विरोधमा सडकमा आउनुको औचित्य छैन । एकातिर विगत सात वर्षदेखि प्रदेश सरकारले सरकारी कामकाजको भाषा घोषित गर्न सकेन भन्ने आलोचना पनि गर्ने अर्कोतिर सरकारले निर्णय लिँदा यसको विरोध पनि गर्ने ? विरोधका लागि विरोध गर्नुको कुनै अर्थ छैन ।

लोकतन्त्रमा सबैले आ-आफ्नो भाषा-संस्कृतिको संरक्षण र संवर्द्धनको अवसर पाउनुपर्छ । राजकीय सहयोग र संरक्षणविना कुनै पनि भाषा एवं संस्कृतिको विकास सम्भव हुन सक्दैन । 'एक राष्ट्र एक भाषा' नीतिअन्तर्गत प्रशासन, शिक्षा, सञ्चार आदि महत्त्वपूर्ण क्षेत्रमा नेपाली भाषा मात्रको प्रयोग रहेकाले पहाडका २० लाख जनजातिले पनि आ-आफ्ना मातृभाषा परित्याग गरी नेपाली भाषालाई आत्मसात गर्न पुगे । पहाडका धेरै भाषा लोपोन्मुख छन् ।

माओवादीको एक दशक लामो सशस्त्र संघर्षको परिणामस्वरूप देशका अन्य भाषाभाषीको विकास एवं संरक्षण हुन सक्ने आशा गरिएको थियो । माओवादीमा पनि त्यो अडान रहेन । भाषा-संस्कृतिको सवाललाई लिएर उत्पन्न हुने गरेका विरोध एवं अवरोधका कारण हाम्रो भाषानीति रचनात्मक साबित हुन सकेको छैन । देशको सैंय संसद्मा हिन्दी भाषाको प्रयोगमाथि बन्देज लगाइनुपर्ने स्वर उठ्नुलाई लोकतन्त्रको हितमा मान्न सकिँदैन । विस्तृत आकाशको इच्छा राख्नेले सिंगो आकाश हाम्रो हो, तारा र नक्षत्रहरू नउदाऊ भन्न सुहाउँदैन । आकाश चाहिन्छ भने तारा र नक्षत्रसहितको आकाशलाई स्वीकार गर्ने विशाल एवं उद्धार फदय (मुटु) बनाउनुपर्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक एवं विधि, संस्कृति र परम्परा बोकेको मुलुकमा भाषा नीति एकांगी र संङ्कीर्ण हुन सक्दैन ।

प्राचीनकालमा नेपालमा भाषालाई लिएर कुनै समस्या वा विवाद थिएन । संस्कृतलाई नै सबै भाषाको स्रोत मानिन्थ्यो । मध्यकालमा नेवारीसँगै मैथिली भाषाले राजदरबारमा स्थान पाउन सफल रहे । उपत्यका बाहिरका स-साना राज्यमा मैथिली, अवधि, भोजपुरी र हिन्दी दरबारको भाषाका रूपमा मान्य थियो । राजधानी काठमाडौं लगायत पूरै नेपालका निम्ति पनि नेपालीपछिको दोस्रो सम्पर्क भाषाका रूपमा हिन्दी भाषा स्वीकार्य रहिआएको छ । गीत, सङ्गीत, अध्ययन-अध्यापन, मनोरञ्जन, भजनकीर्तन, धार्मिक पुस्तक, सिनेमाका माध्यमबाट हामीकहाँ हिन्दी भाषाको उपयोग हुँदै आइरहेकै छ ।

नेपाली हाम्रो राष्ट्रभाषा हो । यसको उपयोगिता, स्वीकार्यता तथा महत्त्व सर्वविदित र प्रमाणित नै छ । नेपाली भाषाको उपयोग र प्रयोग विश्वको अनेकौं देशमा बस्ने नेपाली र नेपालीभाषीले गर्दै आएका छन् । दक्षिणी छिमेकी भारतको संविधानको अनुसूची ८ मा नेपालीभाषालाई त्यहाँको सरकारी भाषाको रूपमा मान्यता दिइएको छ । यो हाम्रा निम्ति गर्वको कुरा हो तर नेपालमा हिन्दीभाषाको प्रयोग गरिँदा त्यसमा प्रश्न उठाउनुले हाम्रो संकुचित मानसिकतालाई संकेत गर्छ । उदार भाषानीतिले राष्ट्रिय एकतामा बल पुऱ्याउने गर्छ ।

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपछि भाषा विवाद बढी चर्केको हो । २०१३ सालतिर राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । त्यसले बुझाएको प्रतिवेदनमा विद्यालय स्तरीय शिक्षा नेपालीमा मात्र दिलाइने सिफारिस गरिएको थियो । त्यति बेलासम्म नेपालमा हिन्दी भाषामै बढी पठनपाठन हुन्थ्यो । प्रधानमन्त्री डा. केआई सिंहको सरकारले त्यस सुझावको कार्यान्वयन पनि गऱ्यो । तराई कांग्रेसका वेदानन्द झा तथा रामजनम तिवारी र हिन्दी रक्षा समितिद्वारा यसको चर्को विरोध गरियो । नेपाली कांग्रेसका तत्कालीन वरिष्ठ नेताहरू रामनारायण मिश्र, महेन्द्र नारायण निधि, देवनाथ दास यादव, सूर्यनाथ दास यादव, दानालाल चौधरी, केवल चौधरी, काशी प्रसाद श्रीवास्तव, उद्योगपति कृष्ण गोपाल टण्डन आदिले सम्पूर्ण तराईमा यस आन्दोलनलाई तीव्र पारेका थिए । फलस्वरूप तत्कालीन राजा महेन्द्रको निर्देशनमा प्रधानमन्त्री केआई सिंहले आफ्नो निर्णय फिर्ता लिए । हिन्दी भाषाको पक्षमा देखिएको यस समर्थनलाई कमजोर पार्न राष्ट्रिय जनगणनामा हिन्दीको सट्टा मैथिली, भोजपुरी र अवधि आदि भाषा उल्लेख गर्ने काम भयो ।

त्यस आन्दोलनअघि गरिएको जनगणनाले तराईमा हिन्दी भाषा बोल्नेहरू नेपालीपछि दोस्रो स्थानमा रहेको देखाएको थियो । तराई आन्दोलनपछिको जनगणनामा हिन्दीलाई न्यून स्थानमा पुऱ्याइयो । तराई कांग्रेसका वेदानन्द झा र काशीप्रसाद श्रीवास्तवले यसको चर्को विरोध गरे । पछि विवाद मिलाउने नाममा 'संशोधन मण्डल'को गठन गरियो, जसमा हिन्दी विरोधीहरू बढी संख्यामा थिए । २०१५ सालको आम निर्वाचनका कारण यो प्रतिवेदन चर्चामा आएन । त्यसपश्चात् बनेको नेपाली कांग्रेसको सरकार हिन्दी भाषाप्रति उदार थियो र बीपी कोइरालाको मन्त्रीमण्डलले हिन्दी भाषालाई नेपालको दोस्रो भाषा घोषित गर्ने सम्पूर्ण तयारी पनि गरिसकेको थियो तर राजा महेन्द्रको प्रजातन्त्र विरोधी कदमका कारण यो विषय पनि ओझेलमा पर्दै गयो ।

पञ्चायती व्यवस्थाको ३० वर्षमा 'एउटै भाषा एउटै भेष'को नारालाई कठोरपूर्वक कार्यान्वयनमा ल्याइयो । २०२८ सालमा नयाँ शिक्षा योजना लागु भएपछि हिन्दी माध्यमका शिक्षालाई निरुत्साहित पारियो । कक्षा ९ र १० मा हिन्दीलाई वैकल्पिक विषयमा राखिए पनि हिन्दीको शिक्षक उपलब्ध गराइएन । परिणामत: हिन्दी उपेक्षित हुँदै गयो । पञ्चायती व्यवस्थाको उत्कर्षकालमा मरिचमान सिंहको सरकारले बढुवाका लागि हिन्दी, मैथिली र नेवारीमा स्नातकोत्तर उपाधिको मान्यता नै समाप्त गऱ्यो । लोकसेवा आयोगले अन्य भाषाको मान्यता समाप्त गऱ्यो भने साझा प्रकाशनले अङ्ग्रेजी र नेपालीबाहेकको भाषा र संस्कृतिलाई समाप्त गर्न हरसम्भव प्रयास गऱ्यो ।

देशमा २००७ सालको अन्तरिम संविधानदेखि २०७२ सालको नयाँ संविधान एवं केही वर्षअघि दर्ता भएको भाषासहितको संशोधन विधेयकसम्म गैरनेपाली भाषाभाषी समुदायको भाषिक अधिकारलाई शब्दजालमा सीमित राखियो सही अर्थमा यिनीहरूको भाषिक अधिकारको सुनिश्चितता भने हुन सकेन । काठमाडौं महानगर पालिकाले नेपालीको अतिरिक्त नेवारी र र राजविराज नगरपालिका एवं धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई आ-आफ्नो कार्यालयमा प्रयोग गर्ने निर्णय गरेका थिए । यसविरुद्ध सर्वोच्च अदालतले १८ जेठ २०५६ मा फैसला गऱ्यो, जसले भाषा अभियन्तालाई निरुत्साहित बनाउने काम गऱ्यो । भाषिक विभेदका मुद्दालाई आफ्नो दलको कार्य सूचीमा उच्च प्राथमिकता दिने काम नेकपा माओवादीले गरेको थियो । माओवादीकै कारण 'गोरखापत्र'को 'नयाँ-नेपाल' पृष्ठमा दिनहुँ मातृभाषाहरूमा समाचार, विचार र रचना पढ्न पाइन्छ । निरंकुश राजतन्त्रविरुद्ध पाँच दल सम्मिलित आन्दोलन (२०५९) को १८ सूचीय बुँदामध्ये एउटा थियो, भाषिक विभेद अन्त्य गर्ने । जनआन्दोलन-२ को सफलतापश्चात् पनि यसमाथि अलमल भएन । नेपालका प्राय: सबैजसो संविधानहरूमा नेपालीलाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिइएको छ, मातृभाषाहरूलाई राष्ट्रिय भाषा पनि भनिएको छ तर विभिन्न बहानामा यसलाई निरुत्साहित गर्ने काम मात्रै भएको छ । नयाँ संविधान २०७२ को धारा ६ र ७ मा नेपाली भाषाको पक्षमा एक भाषा नीतिलाई केन्द्रमा राखी देशका अन्य भाषालाई उपेक्षा गरिएको छ । धारा ६ मा नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषा मानिएको छ । जनगणना २०६८ अनुसार अंग्रेजी, चिनियाँ, फ्रेन्च, रसियन आदि भाषालाई पनि नेपालीद्वारा बोलिने मैथिली, नेवारी, भोजपुरी, हिन्दी, अवधि, थारुकै पंक्तिमा उभ्याइएको छ ।

संविधानको धारा ७ (२) मा नेपालीको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र, बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्ने व्यवस्था उल्लेख छ तर यो कार्यान्वयनमा आउन सकेन । सरकारी कामकाजको भाषासम्बन्धी निर्णय राजनीतिक स्वभावको भएकाले यसको सम्पूर्ण अधिकार सम्बन्धित व्यवस्थापिकामा निहित हुनुपर्छ । हिन्दी भाषा नेपालीका निम्ति विदेशी भाषा होइन । हिन्दी भाषा कुनै पनि नेपालीलाई सिक्नुपर्दैन । भारतका विभिन्न सहरहरूमा लाखौंको संख्यामा नेपाली कार्यरत छन् । यसबाहेक खाडीका राष्ट्र तथा मलेसियामा पनि हिन्दी भाषा केही हदसम्म हाम्रा लागि सहयोगी साबित हुन सक्ने भएकाले हामीले हिन्दी भाषालाई सम्पर्क भाषाका रूपमा मान्यता दिँदा यसमा अनर्थ केही पनि हुने होइन । संख्याका आधारमा कुरा गर्ने हो भने मैथिली, भोजपुरी र अवधि भाषा बोल्नेहरूको संख्या पनि नेपालमा भन्दा बढी भारतमै छ । तुलसी दासदेखि लिएर विद्यापति तथा भिखारी ठाकुरहरू पनि भारतकै भूमिमा जन्मेका थिए । भाषा, साहित्य, कला, ज्ञान र विज्ञानलाई कुनै एक देशको भौगोलिक सीमाभित्र सीमित राख्न सकिँदैन ।

अंग्रेजी, अरबी, फारसी, फ्रेन्च, रसियन, स्पेनिस आदि भाषा कुनै एक देशमै सीमित रहेको छैन । हिन्दी भाषालाई निस्तेज गर्ने नाममा हामीले हाम्रो जननी भाषा संस्कृतलाई पनि लोपोन्मुख बनाइदिएका छौं । जबकि संस्कृत भाषा हाम्रो सभ्यता, संस्कृति र अस्तित्वको पहिचान हो । यो अनुभवसिद्ध कुरा हो कि भाषा नीति रचनात्मक पनि साबित हुन सक्छ र घातक पनि । पाकिस्तान, श्रीलङ्का र भुटान यो सफल साबित भएन तर बहुभाषी नीति अपनाएका राष्ट्रहरूले ठूलो प्रगति गरेका छन् । लोकतन्त्रमा उदारता, सहिष्णुता प्रतिस्पर्धा र सद्भाव आवश्यक मानिन्छ । हाम्रो भाषा नीतिमा उदारताको खाँचो छ ।

*(साभार: रातोपाटी)*

## महिला लिग च्याम्पियन :

# महिला फुटबलको शक्ति एपीएफ

काठमाडौं /विभागीय टोली नेपाल एपीएफ क्लबले महिला फुटबलमा आफ्नो शक्तिलाई फेरि एकपटक प्रमाणित गर्दै एन्फा महिला लिगको उपाधि जितेको छ । सिंगल लिग, डबल राउण्डको सुपर लिग हुँदै प्लेअफ अनि फाइनल समावेश गरेर खेलाइएको महिला लिगमा एपीएफ अपराजित रहँदै च्याम्पियन बनेको हो । महिला फुटबलको लिग संरचना नेपालमा कहिल्यै स्थिर नै छैन । बढुवा, घटुवाको व्यवस्था त परै जाओस महिला लिग प्रत्येक वर्ष एउटै संरचनामा समेत हुँदैछ ।

कहिले नकआउट जस्तो, कहिले डबल राउण्ड रोबिन लिग, कहिले सिंगल लिग, कहिले एकै लिगमा ३ चरणमा फरक-फरक सिस्टम गरेर महिला फुटबल आयोजना भइरहेको छ । अनि त्यसमा पनि हरेक वर्षको लिग कुन क्लबले खेल्ने, क्लबको मापदण्ड के हुने भन्ने पनि टुङ्गो हुँदैन । आखिर जस्तो किसिमको लिग आयोजना भएपनि, जस्तो प्रयोग भएपनि, जुन क्लब वा नगरपालिका वा प्रदेश टिम सहभागी भएपनि अन्तिममा जित्ने एपीएफले नै हो भने जस्तो बनिसकेको छ ।

असली अर्थमा भन्दा एपीएफ महिला फुटबलको शक्ति हो र 'ट्र्यू च्याम्पियन' नै हो । महिला लिगको बुधबार दशरथ रंगशालमा भएको फाइनलमा अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ४-० ले पराजित गर्दै एपीएफ फेरि च्याम्पियन बनेको हो । एपीएफले यसअघि पनि विभिन्न फर्म्याटमा भएको लिग लगातार तीन पटक जितेको थियो र अहिले लगातार चौथो पटक जितेको हो ।

एपीएफले पुलिससँगै गोलरहित बराबरी खेल्दै महिला लिगको यात्रा सुरु गरेको थियो । त्यसपछि लगातार १८ खेल जित्दा एपीएफले अन्तिम खेलमा त्यही पुलिसविरूद्ध सहज जित निकालेको हो । यस पटक लिगमा कूल १९ खेल खेल्दा एपीएफले एक खेल छाडेर सबै खेल जित्यो । पहिलो चरणमा ९ मध्ये ८ खेल जितेर एक खेल बराबरी खेलेको एपीएफले सुपर लिगमा सबै ८ खेल जित्यो । अनी क्वालिफायर वान र फाइनल पनि जित्यो ।




पहिलो पटक लिगमा प्रशिक्षक बनेका एपीएफका मुख्य प्रशिक्षक जिवेश पाण्डेले अपराजित भएर च्याम्पियन हुँदा खुशी व्यक्त गरे । 'च्याम्पियन हुँदा खुशी लाग्छ नै । यो लिगमा पनि एउटा म्याच ड्र भयौ, अरु सबै खेलमा नतिजा ल्याएर नै जित्यौं' पाण्डेले लिग जितेपछि भने, 'सबैले राम्रो फुटबल खेल्यो । त्यसले गर्दा राम्रो भयो।' प्रशिक्षक पाण्डेले यो जित आफ्नो टिम, संगठन, आफ्नो परिवार, खेलाडी सबैलाई समर्पित गर्ने बताए ।

एन्फाले हरेक पटक फरक फर्म्याटमा लिग आयोजना गरेकोले आधिकारिक रुपमा तथ्यांक उपलब्ध छैन । तर एउटा सत्य के हो भने झण्डै पछिल्लो एक दशक एपीएफको महिला टोली घरेलु फुटबलमा हावी बनिरहेको छ र त्यसमा आयोजना भएका लिगको उपाधि एपीएफले नै जितेको छ । एपीएफका प्रशिक्षक पाण्डेले पनि लामो समयदेखि एपीएफ टिम अपराजित नै रहेको बताए ।

एपीएफकी पूर्व कप्तान समेत रहेकी अनु लामाले २०६९ मा धनगढीमा भएको महिला लिगमा फाइनलमा पराजित भएयता एपीएफ अपराजित रहेको बताइन् । पछिल्ला चार लिग अपराजित रहँदै च्याम्पियन बनेको एपीएफ लिगमा ४३ खेलसम्म अपराजित छ । सन् २०१७-१८ मा भएको महिला लिगमा एपीएफले पुलिसलाई हराएर च्याम्पियन बनेको थियो । नकआउट फर्म्याटमा भएको त्यस प्रतियोगितामा क्षेत्रिय टिम ५ र ३ विभागी गरी १० टोलीको सहभागिता थियो । जहाँ एपीएफले समूह चरणमा ३ तथा सेमिफाइनल र फाइनल गरी ५ खेल जितेको थियो । त्यसपछि भूकम्पका कारण लिग हुन सकेन र एकै पटक २०२१ मा लिग भयो । ७ टिम सहभागि डबल राउण्ड रोबिनका आधारमा भएको त्यस लिगमा एपीएफले सबै १२ खेल जितेर अपराजित रहँदै च्याम्पियन बन्यो । त्यसपछि पछिल्लो पटक सन् २०२२ मा ८ टोली सहभागि डबल लिग नै सुरु भयो । तर पहिलो चरण पछि स्थगित भएको लिगको दोस्रो चरण सुरु हुन सकेन र पहिलो चरणकै नतिजाका आधारमा एपीएफलाई विजेता घोषित गरिएको थियो । जहाँ एपीएफले पहिलो चरणमा खेलेको ७ वटै खेल जितेको थियो ।

फाइनलमा पराजित भएपनि पुलिसका प्रशिक्षक भोलानाथ सिलवालले आफ्नो टिमको प्रदर्शनबाट सन्तुष्ट रहेको बताए । एपीएफ जस्तो बलियो टिम विरूद्ध पहिलो हाफमा राम्रो खेलेको र दोस्रो हाफमा थकानले गर्दा खेलाडीले राम्रो खेल्न नसकेको उनले बताए । टिममा फरवार्डको कमी महसुस भएको उनले बताए । पुलिसकी फरवार्ड रेखा पौडेल लिग खेल्न यूएईमा छन् भने दिपा न्यौपाने घाइते भएकोले आराममा छिन् ।

यसै खेलपछि राष्ट्रिय टिम र एपीएफका पूर्वकप्तान तथा लेजेण्ड अनु लामाले पनि आफ्नो खेलाडी करियर अन्त्य गर्दै बुट थन्क्याइन् । यसअघि नै राष्ट्रिय टिमबाट सन्यास लिएकी उनले अब घरेलु फुटबल पनि नखेल्ने निर्णय लिइन् । त्यसमा पनि अन्तिम खेलमा वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गर्दै अन्तिम समयमा गोल गर्दै ट्रफी उचाल्नुको मज्जा नै बेग्लै थियो ।

### व्यक्तिगतर्फ पनि एपीएफकै वर्चस्व

एपीएफको पहिलो रोजाइमा राष्ट्रिय टिममा ८ खेलाडी एक साथ खेलेका थिए । सेट टिमकै एन्जिला र साबित्रा नहुँदा पनि एपीएफको टिम राष्ट्रिय टिम जस्तै थियो । अधिकांशले राष्ट्रिय टिमको पहिलो रोजाइमै खेल्दै आएका छन् । मैदानमा एपीएफले विपक्षीमाथि डोमिनेट गर्दा च्याम्पियन एपीएफले व्यक्तिगत विधाको अवार्डमा वर्चस्व जमायो । एन्फाले प्रदान गरेको मोस्ट भ्यालुएबल प्लेअर, बेस्ट गोलकिप र रहाइएस्ट स्कोरर सबैको अवार्ड एपीएफले क्लिन स्वीप नै गऱ्यो ।

एपीएफकी मिडफिल्डर सविता राना मगर लिगको मोस्ट भ्यालुयबल प्लेअर (एमभीपी) बनिन् । उनले एमभीपी अवार्डसँगै नगर १ लाख प्राप्त गरिन् । सविताले एमभीपीए अवार्ड पाएपछि आफूले अवार्ड पाउने नसोचेको बताइन् । साथै उनले आफ्नो यो सुरुवात भएको उत्कृष्ट खेल अझै आउन बाँकी रहेको बताइन् ।

यस्तै एपीएफकै फरवार्ड रश्मी घिसिङले सर्वाधिक ३५ गोल गर्दै हाइएस्ट स्कोररको अवार्ड र नगद ५० हजार पाइन् । राष्ट्रिय टिमकै लागि सर्वाधिक गोलको कीर्तिमान बनाएकी एपीएफबाट खेल्ने फरवार्ड सावित्रा भण्डारी साम्बा नहुँदा एपीएफको स्कोरिङ जिम्मा रश्मीले नै पाएकी थिइन् । त्यसमा उनले न्याय गर्दै सर्वाधिक गोल गरिन् । टिमले आफूलाई विश्वास गर्दा सर्वाधिक गोल गर्न सफल भएको उनले बताइन् ।

एपीएफकी युवा गोलकिपर सावित्री किसनले बेस्ट गोलकिपर बन्दै अवार्ड र नगद ५० हजार नै प्राप्त गरिन् । सावित्रिले पनि बेस्ट गोलकिपर अवार्ड पाउँछु भनेर नसोचेको र पहिलो लिगमै यो अवार्ड पाउँदा यसले मोटिभेट गर्न र भविष्यमा अझ राम्रो प्रदर्शन गर्ने बताइन् । नियमित गोलकिपर तथा राष्ट्रिय टिमकी कप्तान एन्जिला तुम्बापो सुब्बा युरोपियन लिग खेल्ने भएपछि लिगमा अनुपस्थित हुँदा एपीएफको पोष्ट सम्हालेकी सावित्रिले पहिलो पटक शीर्ष लिगमा बेस्ट गोलकिपरको अवार्ड पाएकी हुन् ।

### १९ खेलमा एपीएफको नतिजा

एपीएफले आफ्नो पहिलो खेलमा पुलिससँग गोलरहित बराबरी खेल्दै लिग सुरु गरेपनि त्यसयता लगातार १८ वटै खेल जित्यो । त्यसमा एपीएफले दुवै विभागीय टोली त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबसँग समान ४ खेल खेल्यो । त्यसबाहेक बागमती युथ क्लब र वालिङ नगरपालिकासँग एपीएफले ३-३ खेल जित्यो ।

सुपर लिगमा एपीएफले उत्कृष्ट प्रदर्शन गर्दै सबै ८ खेल जित्यो । डबल लिगको सुपर लिगमा शीर्ष स्थानमा रहेको एपीएफले क्वालिफायर वानमा आर्मीलाई हराएर सिधै फाइनलमा प्रवेश गरेको हो । एपीएफले पहिलो चरणको सिंगल लिगमा ९ खेलमा कूल ५३ गोल गर्दा २ गोल मात्र व्यहवरेको थियो । यस्तै सुपर लिग र प्लेअफ गरी १० खेल खेल्दा एपीएफले ४९ गोल गऱ्यो भने ४ गोल व्यहोरेको थियो । समग्रमा एपीएफ यस लिगमा १९ खेलमा १०२ गोल गर्दा जम्मा ६ गोल मात्र व्यहोऱ्यो ।

(स्रोत: अनलाइनखबर)

# २ सय महिला उद्यमीले हेरे 'केटी हराएको सूचना'



काठमाडौं/गत शुक्रबार देखि प्रदर्शनमा आएको फिल्म 'केटी हराएको सूचना'ले व्यापारमा सुधारका लागि संघर्ष गरिरहेको भए पनि समीक्षा राम्रो प्राप्त भइरहेको छ । जसले गर्दा फिल्मप्रति दर्शकहरुमा चासो बढ्न थालेको छ । यही क्रममा मंगलबार महिला उद्यमी संघ नेपालका २ सय बढी सदस्यहरुले काठमाडौंको जमलस्थित विश्वज्योती सिनेप्लेक्सको एउटा हल नै 'बुक' गरेर फिल्म हेरेका छन् ।

महिला उद्यमीहरुसँग भेट गर्न फिल्मका निर्देशक दीपेन्द्र गौचन र अभिनेत्री सृष्टि श्रेष्ठ हलमै पुगेका थिए । फिल्म हेरेपछि महिला उद्यमीहरुले कथावस्तु, कलाकारको अभिनय र लोकेसन मनपरेको प्रतिक्रिया दिए । संघकी एक सदस्यले फिल्म महिलामुखी रहेको धारणा व्यक्त गर्दै मधेश आन्दोलनलाई पनि सम्झाएको बताएकी थिइन् ।

बुधबार प्रदर्शन हुने भनिएको 'एक्टर : टेक वान'को नाम विवादका कारण काठमाडौं जिल्ला अदालतले रिलिज रोकिदिँदा यसको फाइदा 'केटी हराएको सूचना'लाई भएको छ । एकातिर फिल्मको शो कटौती हुन पाएन भने अर्कोतिर बुधबार सहिद दिवस र बिहीबार सोनाम ल्होछार गरी दुईवटा सार्वजनिक विदाको फाइदा उठाउन सक्ने अवसर पनि जुरेको छ ।

दीपेन्द्र गौचन स्वयंको लेखन रहेको फिल्ममा सृष्टिसहित नाजिर हुसेन, सञ्जय गुप्ता, राम नारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर लगायतको अभिनय छ । कलाकार अमितेष शाह विशेष भूमिकामा छन् । फिल्मको ९० प्रतिशत दृश्यमा सृष्टि र नाजिर मात्र देखिन्छन् । एउटै दृश्य १० मिनेटसम्मका छन्। फिल्मले मधेशी युवक र पहाडी युवतीबीचको सम्बन्धको कथा भन्छ ।

# प्रेम र त्यागको कथा हो 'मायावी' : दिवाकर भट्टराई




काठमाडौं /दिवाकर भट्टराई लभस्टोरी फिल्म बनाउने निर्देशकको रुपमा कहलिएका छन् । 'मेरो जीवन साथी', 'स्टूपिड मन', 'ऐश्वर्य'बाट उनले लभस्टोरीमा आफूलाई प्रमाणित गरे । एक हिसाबले उनी निर्देशित 'क्याप्टेन' पनि लभस्टोरी नै थियो । यतिबेला एक्सन कथावस्तुमा फिल्म 'नरसिंहा' बनाइरहेका उनको लामो समयपछि पूर्ण लभस्टोरी फिल्म 'मायावी' आगामी फागुन १४ गते प्रदर्शनमा आउँदैछ ।

फिल्म लभस्टोरी भए पनि यसपटक आफ्नो मनको कथा भन्न पाएकोमा दिवाकर खुसी छन् । भन्छन्, 'यो मैले मनबाट बनाएको फिल्म हो । यसमा मनदेखि कथा भन्न खोजेको छु । यो कथा भन्न सक्छु भनेर नै फिल्म बनाएको हुँ । म 'मायावी'बाट आफ्नो करिअर सुरु भएको मान्छु । म कस्तो निर्देशक हुँ भनेर यसबाट देखाउन खोजेको छु ।'

यसपटक फिल्ममा दर्शकले फरक स्वादको प्रेमकथा हेर्न पाउने उनको दाबी छ । 'खुशी र सु:ख भन्ने फरक कुरा हो । कहिलेकाहीं हामी जहाँ बाँचिरहेका छौं, त्यहाँ सु:ख खोज्दा खुशी हराएको हुन्छ । सामान्य एउटा मानिस कुन परिवेशमा खुशी हुन सक्छ र सु:ख अनुभूति गर्छ भन्ने कथा फिल्ममा छ,' उनले प्रष्ट पारे । उनी फिल्मलाई मायाको प्रतीक भन्न रुचाउँछन् ।

दिवाकरको भनाइमा 'मायावी' प्रेम र त्यागको कथा हो । 'दुनियाँमा प्रेम पाउनेभन्दा त्याग्नेको कथा नै मजबुत हुन्छ । 'मायावी' पीडा भएर पनि खुशी हुने पात्रको कथा हो,' उनी अगाडि भन्छन्, 'कुनै पनि चिज पाएर गुमाउन सकिन्छ, तर गुमाएर पनि पाइरहनु चाहिँ 'मायावी' हो । प्रेमको त्यही त्यागको कथामा हामीले फिल्म बनाएका छौं । फिल्मले प्रेमको परि भाषामा नयाँपन दिनेछ ।'

दिवाकर स्वयंको लेखनमा तयार भएको फिल्ममा अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाँई मुख्य भूमिकामा छन् । उनीहरुकै पात्र वरपर फिल्मको कथा केन्द्रित छ । राजाराम पौडेल, लक्ष्मी गिरी, प्रशान्त ताम्राकार, सुशील सिटौला, करिश्मा श्रेष्ठ लगायतको पनि यसमा अभिनय छ । 'मायावी'बाट सन् २०१६ को 'म्यान हन्ट इन्टरनेशनल नेपाल'का विजेता समीम खानले डेब्यु गरेका छन् ।

# 'ममी'मा हररले कथालाई हाँकेको छ, भूतै भूत आउँदैन : प्रियंका कार्की

काठमाडौं /नेपाली कलाकारहरुमा सबैभन्दा धेरै हरर जनराको फिल्ममा काम गर्ने यदि कोही छ भने ती प्रियंका कार्की हुन् । 'आवरण', 'माला' र 'चि मुसी चि' गरी उनका तीनवटा हरर फिल्म प्रदर्शन भइसकेका छन् । एउटा हरर सर्ट फिल्ममा पनि उनले काम गरेकी छन् । तर, उनका कुनै हरर फिल्मले दर्शक तर्साउन भने सकेनन् । अब उनको नयाँ हरर फिल्म 'ममी' यही माघ २५ गते प्रदर्शन हुँदैछ ।

धेरै हरर फिल्ममा काम गरेको अनुभवमा प्रियंकालाई नेपालमा बन्ने हरर फिल्ममा स्क्रिप्टको ५० प्रतिशत पनि आउँदैन भन्ने लाग्छ । उनी भन्छिन्, 'कतिचोटी स्क्रिप्टमा आएको कुरा स्क्रिनमा उत्रिँदैन । स्क्रिप्ट जति सशक्त हुन्छ, फिल्म त्यति सशक्त हुँदैन । किनकि, यहाँ धेरै 'कम्प्रमाइज' गरिन्छ । स्क्रिप्टमा लेखेको ५० प्रतिशत पनि उत्रिँदैन । यो हरेक जनरामा हुन्छ ।'

कलाकारले स्क्रिप्ट र मेकरहरुले बोलेको कुरामा विश्वास गरेर काम गर्ने भएकाले प्राय: फिल्म फ्लोरमा गएपछि विग्रने गरेको उनको अनुभव छ । भन्छिन्, 'हामीले त मेकरको बोली र स्क्रिप्टमा विश्वास गरेर काम गर्छौं । तर, फ्लोरमा गएपछि दुई/तीन दिनमै थाहा हुन्छ कि यो भन्या जस्तै बन्दैन भनेर । तर, हामी बाँधिसकेका हुन्छौं, त्यसैले फिल्म सकाउनै पर्छ । यस्तो अवस्था धेरै आएको छ ।'

'ममी'लाई लिएर भने प्रियंका आशावादी देखिन्छिन् । उनलाई स्क्रिप्ट पढ्दा स्क्रिनप्ले कसिलो लागेको रहेछ । तर, उनी के प्रष्ट पार्न चाहन्छिन् भने फिल्मभित्र ५/५ मिनेटमा तर्साउने दृश्य छैन । हररले कथालाई हाँकेको उनको भनाइ छ । भन्छिन्, 'म आज पनि फिल्ममा भूतै भूत आउँछ भनेर भन्दिनँ । यो एउटा साइकोलोजिकल फ्यामिली ड्रामा हो, जसमा हरर मिसिएको छ ।' 'ममी'लाई फरक-फरक दृष्टिकोणले पनि हेर्न मिल्ने उनको बुझाइ छ । 'फिल्ममा मेरो क्यारेक्टरले भूत देख्यो रे, तर त्यो देखेको हो कि होइन भन्ने पनि प्रश्न हुन सक्छ । कतै फिल्ममा मेरो पात्रको मानसिक सन्तुलन ठीक छैन कि !,' उनले अगाडि भनिन्, 'समाज र परिवारको दबाब अनि मनको कुरा व्यक्त गर्न नसकेर म आफैं 'साइको' भइसके कि भन्ने हिसाबले पनि फिल्मलाई हेर्न सकिन्छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चिकित्सकको निर्वाह भत्तामा दुई मन्त्रीको मनमानी

काठमाडौं /सरकारले विज्ञ कार्यदलको सिफारिसलाई बेवास्ता गर्दै निजी मेडिकल कलेजका आवासीय चिकित्सकको निर्वाह भत्ता सम्बन्धी विवादास्पद निर्णय गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा स्वास्थ्यमन्त्री प्रदीप पौडेल र शिक्षामन्त्री विद्या भट्टराईले सोमबार यस सम्बन्धी निर्णय गरेका थिए । निर्णय अनुसार, आवासीय चिकित्सकको मासिक भत्ता पहिलो वर्ष २५ हजार, दोस्रो वर्ष ३० हजार र तेस्रो वर्ष ३५ हजार रुपैयाँ तोकियो । यो निर्णय तत्काल कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइने भनियो । तर, आवासीय चिकित्सकले यो रकम स्वीकार्य नभएको भन्दै आकस्मिक बाहेकका सबै सेवा ठप्प पार्ने चेतावनी दिएका छन् ।

देशभरिका ४० वटा अस्पताल तथा शिक्षण संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीबाट सामूहिक र संस्थागत रूपमा ऐक्यबद्धता जनाउँदै विरोध प्रदर्शन गर्न थालेका छन् । मंगलबारदेखि चिकित्सा शिक्षा आयोगमा घेराउ गरेका आवासीय चिकित्सकले बुधबार दिउँसो माइतीघर मण्डलामा समेत धर्ना दिएर आन्दोलन सुरु गरेका छन् । स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. टंक बाराकोटीको संयोजकत्वमा आवासीय चिकित्सकको निर्वाह भत्ताका सम्बन्धमा राय सुझाव पेस गर्न एक कार्यदल बनेको थियो । समितिका संयोजक डा. बाराकोटीले उक्त प्रतिवेदन स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र समितिका सदस्यहरूले शिक्षामन्त्री विद्या भट्टराईलाई ७ पुसमा बुझाएका थिए । प्रतिवेदनमा सरकारी शैक्षिक संस्था तथा प्रतिष्ठानमा रहेका आवासीय चिकित्सकलाई दिने गरिएको निर्वाह भत्तासरह निजी मेडिकल कलेजले दिनुपर्ने सुझाव दिएका थिए । तर, स्वास्थ्य मन्त्रालयकै अतिरिक्त सचिवकै नेतृत्वमा भएको सिफारिसलाई लत्याउँदै स्वास्थ्यमन्त्री पौडेल र शिक्षामन्त्री भट्टराईले सोमबार सो नीतिगत निर्णय गरे ।

सरकारले आफैंले बनाएको प्रतिवेदनलाई बाइपास गर्दै निर्णय गरेको समितिका एक सदस्य बताउँछन् । 'निजी मेडिकल कलेजमा विद्यार्थीलाई श्रम शोषण भएको ठहर गर्दै सरकारी ८औं तह बराबरको सेवा सुविधा दिन सिफारिस गरेका थियौं,' ती सदस्यले संचारकर्मीसँग भने, 'मन्त्रीज्यूले नै डाक्टरको पारिश्रमिक २५ हजार तोक्नु हास्यास्पद भयो ।'

चिकित्सा क्षेत्रका विज्ञका अनुसार, मेडिकल स्नातकोत्तर तह (पीजी) अध्ययन सामान्य कलेज शिक्षाभन्दा फरक प्रकृतिको हुन्छ । यो एक विशेष प्रकारको व्यावहारिक र सैद्धान्तिक तालिम हो, जसमा उनीहरू पूर्ण योग्यता प्राप्त चिकित्सकका रूपमा संलग्न हुन्छन् । पीजी गर्ने विद्यार्थी मेडिकल काउन्सिलमा दर्ता भइसकेको एक पूर्ण चिकित्सक हो । विधा अनुसार पीजीको अवधि ३ देखि ७ वर्षको हुन्छ । कन्सल्ट्यान्ट विज्ञ बनाउने समय भएकाले यो अवधिमा आवासीय चिकित्सकले बढीभन्दा बढी समय अस्पतालमा बिताउने गर्छन् ।

'निजी र सरकारी कलेजमा अध्ययनरत सबै विद्यार्थीको पारिश्रमिकमा एकरूपता हुनुपर्छ भनेर सिफारिस गरेका थियौं,' ती सदस्य भन्छन्, 'तर खै किन हो, यस विषयलाई उहाँहरूले सम्बोधन गर्न सक्नुभएन । यस्तै कारणले गर्दा चिकित्सक विदेश पलायन भएका हुन् ।' स्वास्थ्य मन्त्रालय स्रोतका अनुसार विज्ञ कार्यदलको सिफारिस कार्यान्वयन गर्न तयार रहेका स्वास्थ्यमन्त्री प्रदीप पौडेल प्रधानमन्त्रीको दबाबपछि पछि हटेका हुन् । स्रोतका अनुसार प्रधानमन्त्रीको असहमतिपछि स्वास्थ्यमन्त्री पौडेल र शिक्षामन्त्री विद्या भट्टराईले मध्यमार्गी बाटो समाते । 'मेडिकल कलेज सञ्चालकका पनि समस्या छन्, धेरै नपेल्नु भन्ने खालको दबाब भयो,' मन्त्रालयका उच्च अधिकारीले भने, 'ओलीको निर्देशनपछि मन्त्री पौडेल आफ्नै मन्त्रालयका अतिरिक्त सचिवले नेतृत्व गरेको कार्यदलको सिफारिस कार्यान्वयन गर्न छाडेर अन्यथा निर्णय गर्न पुगेका हुन् ।'

प्रधानमन्त्री केपी शर्मा ओलीको सदाशयता रहेकै कारणले पछिल्लो निर्णय भएको निजी मेडिकल कलेजहरूको छाता संस्था 'एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपाल' का अध्यक्ष डा. ज्ञानेन्द्र कार्की बताउँछन् । 'यस विषयमा धेरैपटक प्रधानमन्त्रीसँग छलफल भयो । उहाँको राम्रो सदासयता थियो' डा. कार्कीले संचारकर्मीसँग भने, 'तर स्वास्थ्य र शिक्षा मन्त्री नेपाल चिकित्सक संघको एजेन्डा बोकेर जसरी नै ४८ हजार दिनुपर्छ भन्ने पक्षमा उभिनुभयो ।'

पीजी अध्ययन गर्न एक विद्यार्थीले निजी मेडिकल कलेजमा २३ लाख ९० हजार तिर्नुपर्छ । निजी मेडिकल कलेजहरू भने आवासीय चिकित्सकमाथि श्रम शोषण भएको मान्न तयार छैनन् । ८औं तहका चिकित्सकहरूको तलब बराबर निर्वाह भत्ता दिन नसकिने बताउँदै पछिल्लो निर्णय मान्न तयार नहुने हो भने आवासीय चिकित्सकहरू जागिर नै खान तयार हुनुपर्ने उनीहरूको चेतावनी छ ।

'हामीले उहाँहरूलाई बोलाएर जागिर दिएको हो ? डा. कार्कीले आक्रोश पोख्दै भने, 'मेरोमा जागिरको दरबन्दी छैन, उहाँको श्रम चाहिँदैन । आवासीय चिकित्सकलाई ४८ हजार रूपैया दिन सकिँदैन ।' उनले अगाडि थपे, 'मेडिकल कलेजमा पढ्ने हो भने सिक्ने सिलसिलामा काम गर्नुपर्छ । आफ्नै लागि मेहनत गरेकोलाई श्रम शोषण भनिँदैन ।'

तर, चिकित्सा शिक्षा आयोगका पूर्वउपाध्यक्ष डा. श्रीकृष्ण गिरी आवासीय चिकित्सकलाई बाँच्न पुग्ने निर्वाह भत्ता दिनुपर्ने बताउँछन् । '२५ हजारमा एक चिकित्सकले यस्तो महँगीमा कसरी जीवन निर्वाह गर्छ,' डा. गिरीले अनलाइखबरसँग भने, 'सरकारले गरेको उक्त निर्णय व्यावहारिक देखिएन ।' निजी मेडिकल कलेजले आवासीय चिकित्सकको श्रम शोषण गरिरहेको चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) का पूर्वडिन डा. जगदीश अग्रवाल बताउँछन् ।

'एमबीबीएस र स्नातकोत्तर तह (पीजी) अध्ययन बीचको भिन्नतालाई स्पष्ट पार्दै डा. अग्रवालले भने, 'एमबीबीएस गर्दा विद्यार्थीले सिक्ने गर्छन्, काम गर्दैनन् । तर पीजी गर्दा सेवासँगै काम सिकिरहेको हुन्छन् ।' रेजिडेन्ट चिकित्सकहरूले प्रदान गरेका सेवाहरूका लागि बिरामीले अस्पताललाई पूर्ण शुल्क तिर्छन् । डा. अग्रवालका अनुसार पीजी रेजिडेन्सी कार्यक्रमको लागि अस्पतालमा कुनै अतिरिक्त पूर्वाधारको आवश्यकता पर्दैन । यदि अस्पतालमा पहिले नै एमबीबीएस कार्यक्रम सञ्चालन भइरहेको छ भने नयाँ फ्याकल्टीको आवश्यकता पनि पर्दैन ।

'तीन वर्षमा एकपटक विश्वविद्यालयले परीक्षा लिएर एउटा प्रमाणपत्र दिने प्रक्रियामा कति नै खर्च लाग्ला र !' उनले थप स्पष्ट पार्दै भने, 'पठनपाठनको हिसाबले २३ लाख रूपैयाँ पनि धेरै हो । निजी मेडिकल कलेजले लिने उच्च शुल्कको औचित्यमाथि नै प्रश्न उठ्छ ।' आवासीय चिकित्सकहरूले गर्ने सेवाबाट संस्थालाई आम्दानी हुने डा. गिरी बताउँछन् । आवासीय चिकित्सकले शुल्क लिएरै बिरामीको उपचार गर्छन् । यदि आवासीय चिकित्सक नभएको खण्डमा संस्थाले विशेषज्ञ चिकित्सक नियुक्त गर्नुपर्ने हुन्थ्यो, जसले गर्दा थप आर्थिक भार व्यहोर्नुपर्थ्यो,' डा. गिरी भन्छन् ।

सरकारी स्वास्थ्य संस्थाले भने आवासीय चिकित्सकलाई ४८ हजार दिँदै आएको छ । तर निजी मेडिकल कलेजमा भने १८-२० हजार रूपैयाँ मात्रै आवासीय चिकित्सकले निर्वाह भत्ता पाइरहेका छन् । स्वास्थ्यकर्मीका लागि सुर क्षित कार्यस्थल संघर्ष समितिका अध्यक्ष डा. शेषराज घिमिरेले स्वास्थ्य र शिक्षामन्त्रीले गरेको उक्त निर्णय मान्य नहुने बताए ।

'कुनै पनि चिकित्सकले मासिक २५ हजार रूपैयाँमा काम गर्छ भन्नु कति न्यायोचित्त हुन्छ ?' डा. घिमिरेले आक्रोश पोख्दै भने, 'वर्षौंदेखि यही विषयको लडाइँमा उत्रियौं । तर, सरकारले हामीमाथि भएको श्रम शोषणलाई अझैं मूल्यांकन गर्न सकेन ।' डा. घिमिरेले अगाडि थपे, 'निजी मेडिकल कलेजमा पनि सरकारीसरह ४८ हजारको सुनिश्चिता नभएसम्म यो लडाइँबाट पछाडि हट्दैनौं । गत वर्ष असोजमा हामीले आन्दोलन टुंग्याएका थियौं, त्यही बिन्दुबाट पुन: आन्दोलन सुरु गरेका छौं ।' चिकित्सा शिक्षाको स्नातकोत्तर तह अध्ययन गरिरहेका आवासीय चिकित्सकले अध्ययनसँगै विशेषज्ञ चिकित्सकको निगरानी रहेर बिरामीको सेवा गर्नुपर्ने हुन्छ । चिकित्साशास्त्रमा स्नातकोत्तरको पढाइ आफैंमा प्रयोगात्मक हुने गर्दछ ।

(स्रोत: अनलाइनखबर)

# अन्तर्राष्ट्रिय भेट्रान्स कपमा नागस्वती र हेटौंडाको सहभागिता

साझाकुरा संवाददाता



हेटौंडा, १६ माघ/ पोखरामा सुरु भएको १४ औं अन्तर्राष्ट्रिय भेट्रान्स एट 'ए' साइड फुटबल प्रतियोगितामा मकवानपुर बाट दुई समूहले सहभागिता जनाएका छन् ।

तीन उमेर समूह-४० वर्ष, ५० वर्ष र ६० वर्षमा खेलाइएको प्रतियोगिताको लागि नागस्वती र हेटौंडा भेट्रान्स क्लबले सहभागिता जनाएका छन् । खेलमा नागस्वती भेट्रान्सले ४० वर्ष माथिको विधामा र हेटौंडा भेट्रान्सले ५० वर्ष माथि उमेर समूहको विधामा भाग लिएका छन् । नागस्वतीले पहिलो खेल माघ १७ गते खेल्नेछ भने हेटौंडा भेट्रान्सले माघ १८ गते खेल प्रदर्शनी गर्नेछ ।

स्वास्थ्यका एकघण्टा व्यायाम, नागरिकका लागि नौलो आयाम भन्ने नारासहित वगर भाइखलक पोखराको आयोजनामा भएको प्रतियोगितामा सहभागिताका लागि नागस्वती भेट्रान्स बुधबार पोखरा प्रस्थान गरेको छ । हेटौंडा भेट्रान्स विहीबार प्रस्थान गर्ने हेटौंडा भेट्रान्स क्लबका उपाध्यक्ष नवराज बज्राचार्यले बताए । यसअघिको ४० वर्ष माथिको उमेरसमूह अन्तरगत नागस्वती भेट्रान्स क्लब उपविजेता बनेको थियो ।

यसपटक दावेदारीको रुपमा खेल प्रस्तुत गरिने तयारीका साथ आफूहरुले रणनीतिक योजना बनाएको नागस्वती भेट्रान्सका अध्यक्ष सोमबहादुर तितुङले बताए । प्रतियोगितामा देशभित्रका र विदेशी क्लबले सहभागिता जनाएका छन् । ४० वर्ष माथिको समूहका विजेताले दुई लाख र उपविजेताले एक लाख सहित शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछन् भने ५० वर्ष माथिको समूह विजेताले एक लाख र उपविजेताले ५० हजार प्राप्त गर्नेछन् । ६० वर्ष माथिको उमेरसमूहले विजेताले ५० हजार र उपविजेताले ३० हजार प्राप्त गर्ने वगरभाइखलकका महासचिव मनकाजी गुरुङले बताए ।

# वाईबा तामाङ समाजको शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ वाईबा तामाङ समाज मकवानपुरको आयोजनामा बुधबार हेटौंडामा सोनाम ल्होछार, डुल ल्हो (सर्प) वर्षको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम भएको छ । मञ्जुश्री सम्वत् २८६१ सोनाम ल्होछार डुल ल्होको अवसरमा कार्यक्रम भएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले थर विशेषका तामाङ संघ, संस्थाले आफ्नो नयाँ पुस्तालाई शिक्षा प्राप्तिमा विशेष जोडदिन आग्रह गरेका छन् । हरेकक्षेत्रमा अघि बढ्न शिक्षा पहिलो आधार भएकाले यसमा जोड दिनुपर्ने उनको भनाई थियो । तामाङ समुदायभित्र रहेका विकृतिलाई हटाउँदै सकारात्मक पक्षलाई आत्मसात गर्न पनि प्रमुख घलानले सुझाएका छन् ।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जङ्गबहादुर गुरुङले भाषा, संस्कार संस्कृतिको संरक्षणमा सबै मिलेर लाग्नुपर्ने उल्लेख गरे । यसको संरक्षण र प्रवर्द्धनमा पुरानो पुस्ताले नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने अध्यक्ष गुरुङले जोड दिए । हाल बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजमा ल्याउने नीतिगत व्यवस्था भइसकेकाले यसको प्रभावकारी कार्यान्वयनमा सबैले जोड दिनुपर्नेमा उनको सुझाव छ ।

नेपाल तामाङ घेदुङ मकवानपुरका उपाध्यक्ष आत्मराम मोक्तान र तामाङ मोक्तान समाज मकवानपुरका अध्यक्ष जीवनमान मोक्तानले घेदुङले समुदायगत जागरणका कार्यक्रम निरन्तर गर्दै आइरहेको उल्लेख गरेका छन् । यसले गर्दा हाल समावेशी नीतिगत व्यवस्थामा थप सुधार भएको उनीहरुको भनाई छ । तामाङ समुदायका नयाँ पुस्ता शिक्षा, आर्थिक समृद्धि र राजनीतिक क्षेत्र तीनवटै क्षेत्रमा समान ढंगले अघि बढ्न सक्नुपर्नेमा तामाङ मोक्तान समाज मकवानपुरका अध्यक्ष जीवनमानले जोड दिए ।

कार्यक्रममा मकवानपुर तामाङ कलाकार संघका अध्यक्ष धिरेन लामा लोप्चन, उपाध्यक्ष राधिका स्याङतान, नेपाल तामाङ घेदुङ हेटौंडा उपमहानगर समितिका उपाध्यक्ष अस्मिता वाईबा, गोले तामाङ वंशउत्थान समाज मकवानपुरका अध्यक्ष राजकुमार गोल, नेपाल तामाङ घेदुङ गढी गाउँपालिका समितिका कोषाध्यक्ष राज स्याङतानलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रम समाजका अध्यक्ष हर्कसिं वाईबाको अध्यक्षतामा सम्पन्न भएको हो ।

# मकवानपुरका मगर क्रान्तिकारीको महासचिवमा विजयी

साझाकुरा संवाददाता



हेटौंडा, १६ माघ/नेकपा माओवादी केन्द्रनिकट विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी)को महासचिवमा मकवानपुरका रोशन थापामगर विजयी भएका छन् ।

उपत्यका विशेष र विश्वविद्यालय प्रदेशको अन्तिम नतिजा आएसँगै थापामगर ५९८ मत ल्याएर विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी सञ्जय महतोले ४१० मत प्राप्त गरेका छन् । थापामगर अध्यक्षका उम्मेदवार हेमन्त राई प्यानलका हुन् । महतो अध्यक्षका अर्का उम्मेदवार विजय प्रकाश सापकोटा पक्षधरका हुन् । उनीहरुको मतान्तर १८८ रहेको छ ।

यसैगरी, बुधवार साँझ समाचार तयार पार्दासम्म महासचिव मुनीका पदाधिकारीको मात्रै नतिजा आएको छ । ९ जना उपमहासचिवमा कोशीका विपिन पोखरेल ८३१ मत ल्याएर विजयी भए । मधेशबाट गजेन्द्र यादवले ४०७ मत ल्याएर विजयी भएका छन् । बागमतीबाट निर्मला गौतमले ८०३ मत ल्याएर विजयी भएकी छिन् । गण्डकीबाट भगवान बास्तोलाले ७६९, लुम्बिनीबाट रेशम अधिकारीले ६२८, कर्णालीबाट प्रकाश अधिकारीले ६०४, सुदूर पश्चिमबाट रामचन्द्र भट्टले ३९९ मत ल्याएर जितेका छन् ।

उपत्यका विशेषबाट निरोज श्रेष्ठ र विश्वविद्यालयबाट जटिल कार्कीले ६४८ मत ल्याएर विजयी भएका छन् । निरोश श्रेष्ठ र विपिन पोखरेलबाहेक सबै हेमन्त राई पक्षका हुन् । राई प्यानल माओवादी केन्द्रका नेता जनार्दन शर्मा समर्थित हो । १२ वटा सचिवमध्ये यसअघि शर्मा निकट वीरेन्द्र जिसी, समकृति पुन, अमर मण्डल, आर्स्टिक मोक्तान र युन्छोङहाङ मावो विजयी भएका थिए । कोषाध्यक्षमा फूलमाया राना खुशी विजयी भएकी थिइन् ।

# एकल महिला समूहमा तनावमुक्त छलफल

साझाकुरा संवाददाता




हेटौंडा, १६ माघ/ मानवअधिकारका लागि महिला, एकल महिला समूह मकवानपुरको तनावमुक्त छलफल तथा रमाइलो बनभोज कार्यक्रम भएको छ । एकल महिला समूह मकवानपुरको आयोजनामा बुधबार हेटौंडा-२ स्थित बनस्खण्डीको हलमा कार्यक्रम भएको हो ।

एकल महिला समूहको प्रदेश अधिकृत अप्सरा अर्यालले तनावबाट कसरी मुक्त हुने भन्ने विषयमा प्रस्तुतीकरण दिएकी थिइन् । एकल महिलालाई घरव्यवहारको कारण पनि तनाव हुनेगर्छ तर, हिजोको र भोलिको कुरालाई हेरेर दुःखी हुनुभन्दा पनि आज कसरी रमाउने भन्ने कुरा लिएर अगाडि बढे तनावमुक्त रहन सकिने उनको भनाइ थियो । समूहकी अध्यक्ष शारदा चौलागाईंले महिला भन्नेबितिकै पीडित हुन्छन् भने त्यसमा पनि एकल महिला सामाजिक र घरायसीरुपमै पीडित हुने गरेको बताइन् ।

एकल महिलालाई समाजमा लगाइने लान्छनाको कारण पनि कति महिला पीडित हुने गरेको उनको भनाइ थियो । महिलालाई छोरी बुहारी हुँदै गर्दा लक्ष्मीको रुपमा हेरिन्छ भने एकल हुने बितिकै तिरस्कार र बोक्सीको आरोप समेत लगाउने गरिएको कारण पनि पीडित हुने बताउँदै यी सबै कुराबाट तनावमुक्त हुन एकल महिला एकढिक्का भइ डटेर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

हेटौंडा उपमहानगर पालिका महिला बालबालिका तथा समावेशीकरण महाशाखाप्रमुख विष्णु लामिछाने, गैसस अध्यक्ष रमिला सापकोटा उपस्थित रहेको कार्यक्रममा एकल महिला समूहमा आवद्ध लगभग ३ सयजनाको उपस्थिति रहेको थियो । महिलाले एकल हुनुको पीडा गीत, कवितामार्फत पोखेका थिए । २०७६ सालमा स्थापना भएको यो संस्थामा हेटौंडा उपमहानगर पालिका भित्रका ६ सय एकल महिला आवद्ध छन् ।

# आयआर्जन समूहलाई बेसार प्रशोधन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा बेसार प्रशोधनसम्बन्धी तालिम भएको छ ।

बुधबार बुङ्दल सामुदायिक वन उपभोक्ता समूहको भवनमा बेसारखेती गर्दै आएको बुङ्दल महिला कृषि आयआर्जन समूहका सदस्यलाई बेसार प्रशोधनसम्बन्धी तालिम प्रदान गरिएको हो ।

वन समूहको आयोजनामा भएको तालिमलाई जिल्ला कृषि सहकारी संघ मकवानपुरका व्यवस्थापक नरेश आचार्यले सहजीकरण गरेका हुन् ।

वन समूहका अध्यक्ष भीमबहादुर अधिकारीको अध्यक्षतामा भएको तालिममा वन समूहका सल्लाहकार चन्द्रप्रसाद दुलाल, फेकोफन मकवानपुरका कार्यक्रम संयोजक सन्ध्या शिवाकोटी, आयआर्जन समूहका अध्यक्ष विन्दा लामिछाने लगायतको उपस्थिति थियो । भोलि विहीबार बेसार प्याकेजिङसम्बन्धी तालिम प्रदान गरिने वन समूहका अध्यक्ष अधिकारीले बताए ।

चार दिनसम्म सञ्चालन हुने तालिममा प्रत्येक दिन फरकफरक विषयमा तालिम प्रदान गरिरहेको उनले बताए । आयआर्जन समूहले वन क्षेत्रभित्रको खाली जग्गामा बेसार खेती गर्दै आइरहेको छ ।

# हातेमालो टोल विकास संस्थाको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ हातेमालो टोल विकास संस्थाको १८ औ वार्षिक साधारणसभा सम्पन्न भएको छ । हेटौंडा १० गोरक्षस्वर मन्दिरमा भएको भेलामा कार्यवाहक अध्यक्ष सुदर्शन पौडेलको सभाध्यक्षमा भेला भएको हो ।

हेटौंडा उपमहानगरका सामाजिक विकास महाशाखाप्रमुख भीमप्रसाद तिमल्सिनाको प्रमुख आतिथ्यतामा भएको भेलामा टोल विकास नगरसमन्वय समितिका अध्यक्ष ध्रुव अधिकारी, उपमहासचिव देवकुमार श्रेष्ठ, हेटौंडा उपमहानगर-१ नं. वडाका वडासदस्य मनु दाहाल, रामकृष्ण अधिकारी, अमर माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष जानकी गिरी, टोल विकास वडासमन्वय समिति १ नं.वडाका संयोजक रुपा ढुंगाना, तरकारी तथा फलफूल व्यवसायी संघका उपाध्यक्ष बिमल पौडेललगायतको उपस्थिति थियो ।

भेलाले अध्यक्ष र कोषाध्यक्षको प्रतिवेदन अनुमोदन गर्दै नयाँ कार्यसमिति चयन गरेको छ । नयाँ कार्यसमितिमा सुदर्शन पौडेल अध्यक्ष, हरि श्रेष्ठ उपाध्यक्ष, पुरुसोत्तम पौडेल सचिव, किसन घिसिङ उपसचिव, शिला श्रेष्ठ कोषाध्यक्ष तथा रीता श्रेष्ठ, अनिता थापा, सावित्री थापा, मुना लामा, प्रशान्त अर्याल र अनुष्का अर्जेल गरी ११ सदस्य रहेका छन् ।

# किसानलाई ७ थरीका यन्त्र सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १६ माघ/ कृषिमा यान्त्रीकरणमार्फत् उत्पादन लागत घटाई आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले थाहा नगरपालिका-४ मा विभिन्न ७ थरीका कृषियन्त्र वितरण गरिएको छ ।

थाहा नगरपालिकाले स्थानीय सेतोगुराँस कृषक समूहसँग सहकार्य गरी ५० प्रतिशत अनुदानमा कृषियन्त्र वितरण गरेको हो । १४ माघमा थाहा नगरपालिका-४ किटेनीमा एक कार्यक्रमको आयोजना गरी वितरण गरिएको सामग्रीमा मिनिटिलर, डिपि पाइप, सिल्पोलिन, मल्चिङ प्लास्टिक र स्प्रेयर रहेका छन् । वितरण गरिएको सामग्रीमा सबैभन्दा बढी मिनिटिलर रहेको छ ।

कृषकलाई मिनिटिलर पेट्रोल ७ एचपि ४० वटा, मिनिटिलर डिजेल ७ एचपि १० वटा र मिनिटिलर सानो १ वटा वितरण गरिएको थाहा नगरपालिका कृषि विकास शाखाप्रमुख संजय तिवारीले जानकारी दिए । त्यसैगरी २० एमएम एचडिपि पाइप तीन हजार मिटर, सिल्पोलिन ९० जिएसएम ५ थान, मल्चिङ २५ माइक्रोन ९ थान र स्प्रेयर डियुल १० वटा वितरण गरिएको छ ।

थाहा नगरपालिका-४ का वडाअध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यतामा वितरण भएको हो । कार्यक्रममा प्रमुखअतिथि लामाले वडामा पहिलोपटक एकसाथ यति धेरै कृषि यान्त्रिक सामग्रीहरु वितरण गरिएको बताए । उनले थाहा नगर पालिका कृषि विकास शाखालाई धन्यवाद दिँदै आगामी दिनमा थप सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । सोही अवसरमा थाहा नगरपालिका आर्थिक विकास समितिका संयोजक एवम् वडा नम्बर ३ का वडाअध्यक्ष हिरेन्द्र कुमार रायमाझीले वितरित सामग्रीहरुको सदुपयोग गर्न र सामुहिकतामा विश्वास गर्न आग्रह गरे ।

कृषिप्रसार अधिकृत तिवारीले कृषिमा यान्त्रीकरणका कारण लागत घटाउने र उत्पादकत्व बढाउने भएकोले अहिले कृषक आधुनिक प्रविधितर्फ आकर्षित भइरहेको बताए । संघीय सरकारबाट प्राप्त १२ लाख रुपैयाँ अनुदान र कृषकको १२ लाख गरी कूल २४ लाखमा सामग्रीहरु खरिद गरिएको उनले जानकारी दिए ।

सेतोगुराँस कृषक समूहका अध्यक्ष श्रीकृष्ण केसीको अध्यक्षतामा भएको औपचारिक कार्यक्रममा वडा नम्बर ४ का वडासदस्य सुन्दरराज केसीलगायतको सहभागिता रहेको थियो ।


## हेटौंडा आईडल
### Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागुन २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

**सम्पर्क :**
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

## मोटरसाइकल हरायो

मिति २०८१/०७/२२ गते हेटौंडा-१० स्थित राप्ती खोला नजिकै पार्किङ्ग गरिराखेको अवस्थाबाट राति अं. १८:१२ बजे मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००१ प २८६७
**मोटरसाइकल धनीको नाम:** उजेन के.सी., गढी गा.पा.-५, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** रोयल ईन्फिल्ड, ३४६ सीसी
**मोटरसाइकलको रंग:** कालो
**चेचिस नम्बर:** ME3U3S5C1KD-946291
**इन्जिन नम्बर:** U3S5C1KD-047451
**सम्पर्क फोन नम्बर:** ९८५५०२१६७६

## अक्षराम्भ
### आदरणीय अभिभावकज्यूहरु

२०८१ माघ २१ गते श्री पञ्चमीको दिन विद्याको देवी सरस्वती माताको पुजा आराधना गरी मन्टेश्वरी एवम् नर्सरीमा १ दिन नि:शुल्क भर्ना गराई अक्षर शुभारम्भ गराउने कार्यक्रम भएको हुँदा आफ्नो घर वा वरपरका साना बाबु नानीहरुलाई लिई उपस्थित भइदिनुहुन विनम्र अनुरोध गरिन्छ ।

**ज्ञानोदय बाल वाटिका एकेडेमी**
हेटौंडा-२, संगम चोक
सम्पर्क नं.: ०५७-५२१७९०, ९८५५०६९८३०, ९८५५०७३३६५

## हेटौंडा उपमहानगरपालिका
### १९ नं. वडा कार्यालय
बस्तीपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### आदरणीय सवै वडावासीहरुमा जानकारीको लागि अनुरोध !

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी (वडा अध्यक्ष)
एवम्
**१९ नं. वडा कार्यालय**

## यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

## भुटनदेवी एल्मुनाई एशोसिएसनको
### वार्षिक साधरणसभा सम्बन्धी सूचना

यस एसोसिएसनको १९ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य मित्रहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रण गर्दछौं।

***कार्यक्रम विवरण***
मिति : २०८१ साल फाल्गुण १७ गते शनिबार
समय: विहान ७ बजे एल्मुनाईको सचिवालयबाट प्रस्थान गर्ने ।
स्थान: डे लेकसाइड सिम्लाङ होटल, मार्खु सिम्लाङ
(सम्पर्क नं. ९८५१११४१४९, ९८०४२०२४७७)
सहभागिता शुल्क : प्रति व्यक्ति रु १५००।- (एक हजार पाँच सय)

***थप जानकारीको लागि***

| | |
|---|---|
| १. श्री गणेश कुमार श्रेष्ठ | ९८५५०६९२२९ |
| २. श्री विजेन्द्र अग्रवाल | ९८४१४४५२२६ |
| ३. श्री सुरेश कुमार श्रेष्ठ | ९८४५०५७२५० |
| ४. श्री प्रेम लाल श्रेष्ठ | ९८५५०७१२८० |
| ५. श्री नरेन्द्र श्रेष्ठ | ९८४५०२२८९९ |
| ६. श्री प्रद्युम्न उपाध्याय | ९८५५०७१६९७ |
| ७. श्री अनिल खड्गी | ९८४९९३७४६१ |
| ८. श्री राजेन्द्र पोखेल | ९८४५०२५५४० |
| ९. श्री ध्रुवराज शर्मा | ९८४५१०६१२३ |
| १०. श्री सुदर्शन ढकाल | ९७६७४९३७०८ |
| ११. श्री उद्धव भट्टराई | ९८५११७०३८३ |
| १२. श्री लभनाथ रिजाल | ९८५५०५७४९६ |
| १३. श्री निरा गोर्खाली | ९८४५०२७३३१ |
| १४. श्री विष्णु गोपाल महर्जन | ९८५५०६७०२९ |

***काठमाडौं सम्पर्क समिति***

| | |
|---|---|
| १. श्री अरुण खरेल | ९८४१८१७६३० |
| २. श्री उद्धव रावल | ९८४१३८४२४९ |
| ३. श्री राजेन्द्र पराजुली | ९८५१००६३८८ |

***सहभागीता शुल्क जम्मा गर्नको लागि***
ई सेवा नं. ९८५१०५८३९२
बैंक खाता नं. ०५०८३००४८१६८८०१८
कृषि विकास बैंक लि., कान्तिराजपथ, हेटौंडा
खाताको नाम: भुटनदेवी एल्मुनाई एसोसिएसन

चन्द्र बहादुर थापा (अध्यक्ष)
९८५१०५८३९२

**भुटनदेवी एल्मुनाई एशोसिएसन, परिवार**
**(भुटनदेवी मा.वि.का पूर्व विद्यार्थीहरुको संस्था)**
**हेटौडा-४ मकवानपुर**
**फोन नं. : ०५७-५९१३९२**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना